लेखापरीक्षण प्रतिवेदन

बनेपा नगरपालिका, काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

बनेपा नगरपालिका, काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/190

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री नगर प्रमुख ज्यू,

बनेपा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
रामेछाप ।

कैफियत सहितको राय

हामीले बनेपा नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.२० करोड १२ लाख ८७ हजार, सामाजिक विकास कार्यक्रमको रु.१० लाख, जिल्ला समन्वय समितिबाट प्राप्त भएको रु.४९ लाख र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१ करोड ६८ लाख ८ हजार समेत गरी रु.२२ करोड ३९ लाख ९५ हजार समावेश गरेको छैन ।

2. नगरपालिकाको रु.२ अर्ब ६८ करोड ४१ लाख ९१ हजारको लेखापरीक्षण गरिएकोमा रु.८ करोड ५९ लाख ५४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.२ करोड ६६ लाख ७० हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु.११ लाख ३२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.३ करोड ९२ लाख २ हजार र नियमित गर्नुपर्ने रु.१ करोड १५ लाख ६५ हजार र पेश्की बाँकी रु.७५ लाख ६३ हजार रहेको छ । गत वर्षसम्म रु.२९ करोड ६९ लाख ९९ हजार बेरुजु बाँकी रहेकोमा यो वर्ष सम्परीक्षणबाट रु.९ लाख ३६ हजार फछ्यौंट भई यो वर्षको रु. ५ करोड ९४ लाख ६२ हजार समेत हालसम्मको अद्यावधिक बेरुजु रु.३५ करोड ५५ लाख २५ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

3. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७ र सम्पत्ती तथा राजश्व लगायतका विषयहरु खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं ।

अन्य बेहोरा

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगरकार्यपालिका, … नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको

कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ । यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटीका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(तारा प्रसाद पाण्डे)

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
६९	१०१	८,५९,५४,४४०	०	१८	२,६६,७०,०८४	१,७८,२००	६९	८३	५,९४,६२,५५६	११,३२,२५६	१,१५,६५,२५७	३,९२,०२,४३०	०	०	५,०७,६७,६८८	७५,६२,६१०

अद्यावधिक बेरुजू स्थिति रु. हजारमा

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
काभ्रेपलाञ्चोक	२९६९९९	०	९३६	२९६०६३	०	५९४६२	३५५५२५

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७७/७८	१५.२	ठेक्का ब्यवस्थापन	३,८६,७९८
२	२०७८/७९	४८	भिमसेनस्थान काभ्रेक्याम्पस देखि शिलु मृग जोडने बाटो सडक निर्माण	२९,९६०
३	२०७८/७९	४९	भि ओ गर्दा ठेक्का सम्झौता जती नघटाएको	२,४५,०४८
४	२०७९/८०	४४.८	शिक्षा तर्फ	२,७५,०५९
५	२०८०/८१	५६	क्वाटर व्यवस्थापन	१,७८,२००
६	२०८०/८१	४७	कर कट्टी	२२,२९०
७	२०८०/८१	६५.३	सफ्टवेयर खरिद	२,२९,४११
८	२०८०/८१	३३	बहाल रकम	१,५५,७८,७२८
९	२०८०/८१	५०	जिन्सी दाखिला	१,१४,०००

१०	२०८०/८१	३६	चण्डेश्वरी मार्गमा बढी भुक्तानी	२७,२३६
११	२०८०/८१	३०	सम्पत्ति कर	१,०५,२०,२१९
जम्मा				२,७६,०६,९४८

नोट: गत विगतको सम्परीक्षणको सन्दर्भमा आवश्यकता अनुसार आर्थिक वर्ष थप गर्न सकिनेछ ।

लेखापरीक्षण बक्यौताको विवरण

कार्यालय कोड	कार्यालयको नाम

(८०३२६४०५३०० - बनेपा नगरपालिका, काभ्रेपलाञ्चोक)

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय

स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १४ वटा वडाहरु रहेका छन् भने क्षेत्रफल ५४.५९ वर्ग किलोमिटर तथा जनसंख्या ६७,६९० रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य

लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि

यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०९।०१ देखि २०८१ ।०९।१६ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि

लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा

लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति

पालिकाको आय – व्ययको जम्मा रु.२ अर्ब ६८ करोड ४१ लाख ९१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली

लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१,७१,२७३ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	विवरण	बेरुजु दाखिला मिति	प्राप्ती शीर्षक नं	रकम
१	पदाधिकारी सुविधा	२०८१।०९।०७	१५१११	२६७३०
२	पशु बिमा	२०८१।१०।०९	१४५११	१४४५४३
	जम्मा			१७१२७३

२ **आर्थिक विवरण**

बनेपा नगरपापालिकाको आर्थिक वर्ष २०८०।८१ को एकीकृत वित्तीय विवरण

सि.नं.	आय		सि.नं.	व्यय	
	शीर्षक	रकम		शीर्षक	रकम
१	बैंक मौज्दात	३६,५५,११,४८४.१९	१	चालु	६१,४८,३९,४७७.४६
	आन्तरिक राजश्व खाताको गतवर्षको मौज्दात	४५४,७६०.५२	२	पूँजीगत	६३,६८,३५,०४९.५९
	धरौटीको गतवर्षको अल्या	१,७८,९७,८६९.४९	३	वित्तीय	१,२५,००,०००
	बिबिध खर्च खाता कोष अल्या	३,१३,१६,९८९.६०	४	धरौटी फिर्ता	५७,२३,३८९.७७
२	यस वर्षको धरौटी आम्दानी	९५,५८,३४८.६७	५	कोष खर्च	
३	आन्तरिक राजश्व आम्दानी			बिबिध खर्च कोष खाता	२,५३,७९,०३४.६८
	आन्तरिक राजश्व	१२,२८,०७,६८४.५१			
	राजश्व बाँडफाँड प्रदेश सरकार	३,७८,६१,०००.६४	६	सामाजिक सुरक्षा	
	राजश्व बाँडफाँड संघीय सरकार			सामाजिक विकास कार्यक्रम	१०,००,०००
		८,७०,६६,७५४.९७		सामाजिक सुरक्षा तथा संरक्षण	२०,१२,८६,८९३.९६
	अन्य आय **(घर जग्गा रजिष्ट्रेशन)**	१२,८७,९५,५०६.६७		स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१,६८,०८,१३१.१०
४	संघीय सरकारबाट प्राप्त अनुदान				
	वित्तीय समानिकरण अनुदान	१४,८०,५६,०००	७	मौज्दात	
	सशर्त अनुदान	३३,९२,९८,६७४.५३		बैंक मौज्दात (संचितकोष खाता)	३,२५,०४,५८७.३५
				धरौटी मौज्दात	२,१७,३२,८२८.३९
	समपुरक अनुदान	५१,३१,९००.०३		बिबिध खर्च कोष खाता	१,६३,९१,४१२.५०
	विशेष अनुदान				
५	प्रदेश सरकारबाट प्राप्त अनुदान				
	वित्तीय समानिकरण अनुदान	१,७०,६९,०००			
	सशर्त अनुदान	१,३६,८२,९२२.९०			
	समपुरक अनुदान	२,६१,३०,०६८.४४			
६	बिबिध खर्च खाता कोष	१,०४,५३,४५७.५८			
७	विषयगत निकायबाट प्राप्त रकम (जिसस)	४९,००,०००			
८	सामाजिक सुरक्षा				
	सामाजिक विकास कार्यक्रम	१०,००,०००			
	सामाजिक सुरक्षा तथा संरक्षण	२०,१२,८६,८९३.९६			
	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१,६८,०८,१३१.१०			
९	संचितकोषको हिसाब मिलान	-८६,६४३			
	जम्मा	१,५८,५०,००,८०४.८०		जम्मा	१,५८,५०,००,८०४.८०

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा आंशिक रुपमा गरेको,

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को ६२ बमोजिम राजस्व संकलनमा प्रयोग भएको सूचना प्रविधी प्रणाली महालेखा नियन्त्रक कार्यालयको स्वीकृती वेगर संचालनमा ल्याएको,
- स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) मा तोकिए बमोजिम प्रदेश लोक सेवा आयोगमा रिक्त पदको सूचना दिएको,
- बनेपा नगरपालिका सहकारी ऐन, २०७५ अनुसार सहकारी संस्थाको अनुगमन नगरेको,
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, लेखाङ्कन गरेको भए पनि आवधिक रुपमा अद्यावधिक नगरेको,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालिन खर्च संरचना तयार नगरेको,
- स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा उपभोक्ता समितिबाट भएका निर्माण कार्य सम्पन्न गरिसके पछि सार्वजनिक निकायले भौतिक संरचना लगाएत विभिन्न विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा विगत वर्ष देखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा बढी वर्षमा बजेट विनियोजन हुन सक्ने देखिएको,
- सवारी इन्धन खर्चको लगबुक र मर्मत अभिलेख राख्नुपर्नेमा नराखेको,
- भवन संहिता ऐन, २०५५ अनुसार भवन संहिता पालना नगरेको ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

४ वित्तीय विवरण परीक्षण

४.१ **वित्तीय प्रतिवेदन** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसारको व्यहोरा देखिएको छ :

क्र.स./आर्थिक सङ्केत	विवरण	चालुआ.ब.कोकारोबार		गतआ.ब.कोकारोबार	
		नगद	जम्मा	नगद	जम्मा
	राजस्व अनुदान र अन्य प्राप्ति				
११०००	कर	३१४९४३६०३.८३	३१४९४३६०३.८३	१९६४६२२२८.८६	१९६४६२२२८.८६
१३०००	अनुदान	५५४२६८५६५.९	५५४२६८५६५.९	५५५१८२७३६.५९	५५५१८२७३६.५९
१४०००	अन्य राजस्व	६१०२०६९९.९६	६१०२०६९९.९६	३१५६३८१३.०६	३१५६३८१३.०६
१५०००	विविध प्राप्ति	४८००००.	४८००००.	०	०
क	कुल जम्मा प्राप्ति	९३०७१२८६९.६९	९३०७१२८६९.६९	७८३२०८७७८.५१	७८३२०८७७८.५१
३	चालु	६१४८३९४७७.४६	६१४८३९४७७.४६	५८९९०४५३८.०६	५८९९०४५३८.०६
२१०००	पारिश्रमिक/सुविधा	३५७५७१४८९.१६	३५७५७१४८९.१६	८४६५९४७२.१५	८४६५९४७२.१५
२२०००	मालसामान तथा सेवाको उपयोग	१५७०४२४०६.४२	१५७०४२४०६.४२	४८८४२३७३५.१६	४८८४२३७३५.१६
२५०००	सहायता(Subsidy)	२११००००.	२११००००.	३५५५९६०.३३	३५५५९६०.३३
२६०००	अनुदान	९५५२०००१.९८	९५५२०००१.९८	२०५००३७.४२	२०५००३७.४२
२७०००	सामाजिक सुरक्षा	२२१३९०१.	२२१३९०१.	१०२३५०००.	१०२३५०००.
२८०००	अन्य खर्च	३८१६७८.९	३८१६७८.९	९८०३३३.	९८०३३३.
४	पूंजीगत	६३६८३५०४९.५९	६३६८३५०४९.५९	३९९७२०१९६.४६	३९९७२०१९६.४६
३१११०	भवन तथा संरचना	२०३८११२५.४७	२०३८११२५.४७	२०९८३४४३.९८	२०९८३४४३.९८
३११२०	सवारी साधन मेशिनरी औजार फर्निचर तथा फिक्चर्स	८२९४२१२.७८	८२९४२१२.७८	५९४६७४७.४६	५९४६७४७.४६
३११३०	अन्य पूँजीगत खर्च	१९५४९८५.९८	१९५४९८५.९८	११३०७६९.८३	११३०७६९.८३
३११५०	सार्वजनिक निर्माण	६०६२०४७२५.३६	६०६२०४७२५.३६	३७१६५९२३५.१९	३७१६५९२३५.१९
५	वित्तीय	१२५००००००.	१२५००००००.	१२५००००००.	१२५००००००.
३३१४७	अन्य संस्थाहरूबाट ऋण प्राप्ति साँवा भुक्तानी	१२५००००००.	१२५००००००.	१२५००००००.	१२५००००००.
ख)	कुल जम्मा भुक्तानी	१२६४१७४५२७.०५	१२६४१७४५२७.०५	१००२१२४७३४.५२	१००२१२४७३४.५२
ग)	बचत/कमी(ग=क-ख)	-३३३४६१६५७.३६	-३३३४६१६५७.३६	-२१८९१५९५६.०१	-२१८९१५९५६.०१
घ)	धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट(+/-)	-३३७१३३०६.०८	-३३७१३३०६.०८	-१९०१३०६.८२	-१९०१३०६.८२
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी	-३५७८७३५.७५	-३५७८७३५.७५	-२१००३५.६५	-२१००३५.६५
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत/(कमी)) (ङ=ग+घ)	-३६७१७४९६३.४४	-३६७१७४९६३.४४	-२२०८१७२६२.८३	-२२०८१७२६२.८३
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	४२६०५६९५३.	४२६०५६९५३.	६४७३२८९७६.३५	६४७३२८९७६.३५
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन				
ज)	आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज=ङ+च+छ)	५८८८१९८९.५६	५८८८१९८९.५६	४२६५११७१३.५२	४२६५११७१३.५२

४.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) तयार गर्नुपर्नेमा पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको

रु.२०,१२,८६,८९३.९६, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१,६८,०८,१३१.१०, सामाजिक विकास कार्यक्रमको रु.१०,००,००० र जिल्ला समन्वय समितिको रु.४९ लाख समेत गरी रु.२२,३९,९५,०२५.०६ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ, सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४.३ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारीमा रु. १,०८,७५,८४९.२, यस वर्षको प्राप्तिमा रु. ४,२९,०७,९५६.३१ यस वर्षको भुक्तानीमा रु. २५,०१,९७,४४९.५१ र बैङ्क मौज्दातमा रु. १,१७,४६,८३८.६८ फरक देखिएकोले आर्थिक विवरणले यथार्थ चित्रण गरेको देखिएन । सुत्रको २७०(०१) ले विभिन्न कोषको प्राप्ति, भुक्तानी छुट्टाछुट्टै नदेखाई फरक मौज्दात मात्र देखाएको र अन्तरसरकारी अख्तियारीको रकम देखाएको छैन । अत : सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	**गतवर्षको जिम्मेवारी**	**धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट**	**यस वर्षको प्राप्ति**	**यस वर्षको भुक्तानी**	**बैङ्क मौज्दात**
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	४२६०५६९५३	(३,३७,१३,३०६.०८)	९३०७१२८६९.६९	१२६४१७४५२७.०५	५८८८१९८९.५६
एकीकृत आर्थिक विवरणअनुसार	४१५१८११०३.८	०	९७३६२०८२६	१५१४३७१९७६.५६	७०६२८८२८.२४
फरक	१०८७५८४९.२०	(३,३७,१३,३०६.०८)	४२९०७९५६.३१	२५०१९७४४९.५१	११७४६८३८.६८

४.४ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.४५,५२,६९,०१२ मौज्दात रहेकोमा पालिकाले उपलब्ध गराएको एकीकृत आर्थिक विवरणमा रु. ४१,५१,८१,१०३.८० सारेको छ भने सुत्र अनुसार रु.४२,६०,५६,९५३ जिम्मेवारी सारेको छ । जस अनुसार गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा एकीकृत आर्थिक विवरणमा रु.३,९०,८७,९०९ र सुत्रमा रु.२,९२,१२,०५६ घटी जिम्मेवारी सारेको देखिन्छ । अत : पालिकाले गत वर्षको मौज्दात र यो वर्षको जिम्मेवारीमा फरक पर्नुको कारण सहित यथार्थ वित्तीय विवरण पेश गर्नुपर्दछ ।

४.५ **कर दायित्व** : पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. ३५,७८,७३५.७५ देखिएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गरी प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३५,७८,७३५

४.६ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार फरक परेको देखिन्छ ।

खाता	स्रेस्ताअनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.
स्थानीय तह सञ्चित कोष खाता	३३५४१२३०.९	३४४६१२३०.९	९२००००
चालु खर्च खाता	९५१२३६.३	९५१२३६.३	०
पुँजीगत खर्च खाता	१६४६४०.५७	१६४६४०.५७	०
विविध खर्च खाता	१६३९१४१२.५	१६३९१४१२.५	०
विपद व्यवस्थापन खाता	७०१०८	७०१०८	०
स्थानीय विभाज्य कोष	७८३९८४.२७	७८३९८४.२७	०
कर्मचारी कल्याण कोष खाता	२६५११५३.२२	२६५११५३.२२	०
धरौटी	२१७३२८२८.३९	२१७३२८२८.३९	०
ग१.आन्तरिक राजस्व खाता	०	०	०
जम्मा रु.	७३९००५९४.१५	७४८२०५९४.१५	९२००००/-

उल्लिखित विवरण अनुसार श्रेस्ता अनुसार मौज्दात रु.७३९००५९४.१५ रहेकोमा बैंक स्टेटमेन्ट अनुसार मौज्दात रु.७४८२०५९४.१५ रहेको देखिन्छ । श्रेस्ताले देखाएको मौज्दात भन्दा बैंक स्टेटमेन्टले देखाएको मौज्दात रु.९२०००० ले बढी रहेको छ । पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

५ **बजेट सिमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना एंव कार्यान्वयन ऐनमा भएको व्यवस्था बमोजिम तोकिएको समयावधि भित्र गर्नुपर्दछ ।

६ **बजेट तथा कार्यक्रम तर्जूमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जूमा गर्दा ऐनमा भएको व्यवस्था बमोजिम गर्नुपर्दछ ।

७ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०/०३/१० मा रु.१,३५,४९,७२,०००/- बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०/०३/२२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४/०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

८ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । (रु हजारमा)

बजेट उपशीर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पूँजीगत खर्चतर्फ	६३,६८,३५	१०,७८,८९	९,७८,१४	१९,०७,५२	२४,०३,७८	१३,१४,८७
प्रतिशत	**१००**	**१६.९४**	**१५.३६**	**२९.९५**	**३७.७५**	**२०.६४**

उल्लिखित विवरणअनुसार पूँजीगत खर्च रु. ६३ करोड ६८ लाख ३५ हजार भएकोमा प्रथम त्रैमासिकमा रु.१० करोड ७८ लाख ८९ हजार (१६.९४ प्रतिशत), दोश्रो त्रैमासिकमा रु. ९ करोड ७८ लाख १४ हजार (१५.३६ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. १९ करोड ७ लाख ५२ हजार (२९.९५ प्रतिशत) र चौथो त्रैमासिकमा रु. २४ करोड ३ लाख ७८ हजार (३७.७५ प्रतिशत) खर्च भएको देखिन्छ। आषाढ महिनामा मात्र रु. १३ करोड १४ लाख ८७ हजार (२०.६४ प्रतिशत) खर्च भएको देखिन्छ । उल्लिखित तथ्यांकलाई विश्लेषण गर्दा चौथो त्रैमासिक र आषाढ महिनामा खर्चको अधिक चाप रहेको देखिन्छ । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तर तथा दिगोपनामा समेत असर पर्ने देखिएकोले चौथो त्रैमासिक तथा आषाढ महिनामा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

९ **खर्चको विश्लेषण**

पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रु.१२,२८,०७,६८४.५१, राजस्व बाँडफाँड र अनुदानबाट रु.८०,७९,९१,८२८.१८ गरी कुल आम्दानी रु.९३,०७,९९,५१२.१८ भएकोमा चालु तर्फ रु.६१,४८,३९,४७७.४६ र पूँजीगत तर्फ रु ६३,६८,३५,०४९.५९ र वित्तीय व्यवस्था तर्फ रु.१,२५,००,००० समेत रु.१,२६,४१,७४,५२७.०५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ९.७१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु.१,२९,९८,००० खर्च भएको छ जुन आन्तरिक आयको १०.५८ प्रतिशत रहेको छ । खर्च मध्ये ४८.६४ प्रतिशत चालु र ५०.३७ प्रतिशत पूँजीगत र ०.९९ प्रतिशत वित्तीय व्यवस्थामा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा बढी खर्च गरी प्रशासनिक कार्यमा कम खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१० **अवण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अवण्डा नराखी आय-व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष रु.३ करोड बजेट अवण्डा राखी रु.१ लाख देखि रु.२० लाख सम्मका विभिन्न ५७ वटा योजनामा रु. २,८१,३०,४३७.९१ खर्च लेखेको छ । पालिकाले सभाबाट स्वीकृत नभएका तर, नगर प्रमुख र कार्यपालिकाबाट निर्णय गरी योजना तर्जुमा तथा सञ्चालन गरेको देखिन्छ । बजेट अवण्डा राखी नगरसभाबाट स्वीकृत नभएका योजनाहरुमा कार्यपालिकाको निर्णयबाट खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ । अवण्डा बजेटबाट कार्यपालिकाले निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहरणहरु देहाय अनुसार छन् :

क्र.सं.	योजनाको नाम	वडा नं.	बजेट रु.	खर्च रु.
१	सपनेश्वर मन्दिर निर्माण	१	५०००००	४९४७२३
२	सार्केमोड ठाडढुँङ्गा सडक ड्रेन निर्माण	२	३०००००	२९७०००
३	दुवाल धुने मुलडाँडा क्रियापुत्री ट्रस्ट निर्माण	३	१०००००	९९०००
४	चण्डेश्वरी मा. वि . ट्रस्ट निर्माण	४	९०००००	८९०१९५
५	नेपाल बनेपा बहुप्राविधिक विद्यालय खेल मैदान स्तरोन्नती	५	२०००००	१९८००००
६	चिहानडाँडा सुधार (गोसाईस्थान)	६	३०००००	२६५९०५
७	चोक सुधार (सुरेश मोछिमोदा)	७	३०००००	३०००००
८	अंसफल पार्टी निर्माण	८	५०००००	३९३२०६
९	सामुदायिक विद्यालयहरुमा टेवुल टेनिस कार्यक्रम		१५०००००	१४८३९१९
१०	वडा कार्यलय पुरानो भवन मर्मत	१०	५०००००	४९५०००
११	अपाङ्ग तल्लो टोल मोटर बाटो निर्माण	११	१००००००	९८१८९५
१२	पहिरो नियन्त्रण वाल निर्माण	१२	२०००००	१९३८४५
१३	दिपंकर जात्रा सञ्चालन	७	३०००००	३०००००
१४	प्रजापति गुठी घर निर्माण	९	६०००००	५९४०००
१५	सितेरियो कराते मेयर कप		४०००००	३९४०००

११ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छ । आवधिक योजना भएको हुदाँ पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जूमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१२ वार्षिक खरिद गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ६३ करोड ६८ लाख ३५ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले सार्वजनिक ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१३ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

(रु.हजारमा)

क्र.सं.	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	८,२३,३७	७,५०,०६	५.९४
२	पूर्वाधार विकास	५४,९९,८१	४८,७२,६०	३८.५४
३	सामाजिक विकास	४९,६२,७५	४५,९६,८२	३६.३६
४	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	४५,१२	२९,४०	०.२३
५	अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक	३१,४१,७८	२३,९२,८५	१८.९३
जम्मा		**१,४४,७२,८५**	**१,२६,४१,७४**	**१००**

उल्लिखित विवरण अनुसार सभाद्धारा विनियोजित बजेट मध्ये पूर्वाधार विकासमा सबैभन्दा बढी ३८.५४ प्रतिशत, सामाजिक विकासमा ३६.३६ प्रतिशत, कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा १८.९३ प्रतिशत, आर्थिक विकासमा ५.९४ प्रतिशत र सबै भन्दा घटी संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा ०.२३ प्रतिशत रहेको देखिन्छ ।अत : पालिकाले आर्थिक विकास तथा संस्थागत विकास, सेवा प्रवाह र सुशासनका क्षेत्र लगायत सबै क्षेत्रमा आवश्यकताको आधारमा सन्तुलित विकास हुने गरी जनताको जीवनस्तर सुधार गर्ने गरी बजेट विनियोजन र कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ ।

१४ योजना छनौट र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यान्वयन गरेका योजनाहरुको विवरण देहाए बमोजिम रहेको छ ।

क्र. सं.	विवरण	योजना संख्या	रकम रु.
१	रु.१ लाख भन्दा कमको योजना	१	७२,१५८
२	रू.१ लाख देखि रू.३ लाख सम्मका योजना	१३२	२,७७,४९,७६४.९९
३	रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना	१०६	४,९५,०५,०००
४	रु.५ लाख देखि माथि रू.१० लाख सम्मका योजना	१५७	१,३३,४१,६८५.३
५	रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना	५९	१०,६१,२८,३७७.६
६	रू.२५ लाख भन्दा माथिका योजना	९	२,८८,६६,६३५.७५
जम्मा		४६४	३४,५७,३८,७२१.७

उल्लेखित विवरण अनुसार पालिकाले यस आर्थिक वर्षमा कुल ४६४ वटा आयोजनामा रु.३४ करोड ५७ लाख ३८ हजार बजेट खर्च गरेको छ । बजेट खर्च मध्ये सानातिना योजना बढी सञ्चालन गरेको छ । कुल योजना मध्ये रु.१० लाख भन्दा कम लागतका ३९६ वटा योजनामा रु.९ करोड ६ लाख ६८ हजार खर्च गरेको छ । साना तथा टुक्रे योजनाहरुको संख्या कुल योजना संख्याको ८५.३४ प्रतिशत हुँन आउछ । तसर्थ पालिकाले साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी हासिल गर्न कठिनाइ हुने, प्रशासनिक खर्च बढ्ने र साना तथा वितरणमूखी योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुने, पर्याप्त अनुगमन गर्न नसकी गुण्स्तर कायम गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठूला र प्राथमिकता प्राप्त योजना तर्जुमा गर्नुपर्दछ ।

१५ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सम्पूर्ण विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१६ निर्माण कार्य व्यवस्थापन

सार्वजनिक खरिद ऐन २०६३ को दफा ९ मा खुला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष २०८०/८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाय बमोजिम रहेको छ ।

(रु. हजारमा)

योजना संख्या	ठेक्का मार्फत		उपभोक्ता समिति मार्फत	
	संख्या	रकम रु.	संख्या	रकम रु.
४६३	५	८,७६,४५	४५८	२५,८०,९३

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल ४६४ योजना मध्ये ठेक्का मार्फत ६ वटा योजनामा रु.८ करोड ७४ लाख ४५ हजार खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित ४५८ योजनामा रु.२५ करोड ८० लाख ९३ हजार खर्च गरेको छ । अर्थात पालिकाले यस वर्ष सञ्चालन गरेका ४६४ योजना मध्ये १.२९ प्रतिशत योजना ठेक्का प्रकृया मार्फत र ९८.७० प्रतिशत योजना उपभोक्ता समिति मार्फत् सञ्चालन गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्नुपर्छ ।

१७ **ठेक्का बन्दोबस्त**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा वार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वियन तालिका बनाउँदा कार्यान्वियन गरिने आयोजना वा कार्यक्रमको पूर्व तयारी अवस्था, खरिद विधि छनौट, जनशक्ति व्यवस्थापन लागत अनुमान तयार गर्ने तथा बोलपत्र आह्वान गर्ने जस्ता कार्य प्रथम त्रैमासिक अवधी भित्र सम्पन्न गरी बजेट प्रस्ताव गर्ने उल्लेख छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धी संक्षिप्त विवरण देहाय अनुसार रहेको छ

(रु. हजारमा)

कार्यक्रम/ शीर्षक	खरिद सम्झौता										यस बर्ष सम्पन्न	
	कुल जम्मा		प्रथम त्रैमासिक		दोस्रो त्रैमासिक		तेस्रो त्रैमासिक		चौथो त्रैमासिक			
	संख्या	रकम रु.	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
बोलपत्रबाट	६	८७६४५	-	-	-	-	-	-	६	८७६४५	६	८७६४५

उल्लिखित विवरण अनुसार यो वर्ष पालिकाले विभिन्न कार्यको लागि रु.८ करोड ७६ लाख ४५ हजार लागतको ६ वटा ठेक्का बन्दोबस्त गरेकोमा सबै ठेक्का चौथो त्रैमासिकमा मात्र व्यवस्थापन भएको देखिन्छ । यस वर्ष सम्झौता भएका मध्ये सबै ठेक्का सम्पन्न भएको देखिन्छ । ठेक्का व्यवस्थापन ढिलो हुँदा वर्षको अन्त्य तिर आयोजना निर्माण कार्य सम्पन्न गर्ने समयको चाप पर्ने र ठेक्का सम्पन्न गर्न कठिनाई हुने हुँदा नियमावलीमा तोकिएको तोकिएको अवधी भित्र ठेक्का बन्दोबस्तको कार्य गर्नुपर्दछ ।

१८ **उपभोक्ता समिति परिचालन**

१८.१ पालिकाले यस वर्षको वार्षिक योजना तथा कार्यक्रम अनुसार सञ्चालित विभिन्न भौतिक पूर्वाधार लगायत निर्माण योजनाहरुमा रु.३४,५७,३८,००० खर्च गरेको छ । उक्त योजना मध्ये ५ वटा कार्य बोलपत्रद्धारा गरेको छ भने ४५८ वटा कार्य उपभोक्ता समिति मार्फत गराई रु.२५,८०,९३,००० भुक्तानी गरेको छ । यस सम्बन्धमा देहायका व्यहोराहरु देखिएका छन् :

१८.२ **(क) उपभोक्ता समिति दर्ता** - पालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउने प्रयोजनका लागि उपभोक्ता समिति दर्ता गर्ने र सो को अभिलेख राख्ने कार्यविधि तयार गरी लागू गर्नुपर्दछ । पालिकाले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेकोमा ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाईएन । उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भार कार्यमा जिम्मेवार बनाउन कठिनाई हुने भएकाले स्थायी संयन्त्र मार्फत काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

१८.३ **(ख) आयोजना हस्तान्तरण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सञ्चालित आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरु सञ्चालन भईसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका कुनै पनि योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारी समेत हस्तान्तरण गरेको छैन ।समयमै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समिति मै रहने गरी हस्तान्तरण गर्ने कार्यमा पालिकाको ध्यान जानुपर्दछ ।

१८.४ **(ग) हेभि-ईक्विपमेन्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ९ मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभि मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत

अनुमान तयार गर्दाको समयमा हेभि मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने तर उपनियम ९(क) अनुसार सो विपरीत हेभि मेशिन प्रयोग गरेको पाईएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्ध गरिने उल्लेख छ । यस पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभि मेशिन प्रयोग गर्ने गरेको भएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिस गराई नगरपालिकाको कार्यालयबाट सहमति लिएको पाईएन ।

१८.५ **(घ) जटिल संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन औजार, उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर सी सी फ्रेम स्ट्रक्चर सहितका भवन, पुल कल्भर्ट निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराएको छ । यस्ता कार्यहरु व्यवसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको प्रतिस्पर्धात्मक विधि मार्फत गराउन उपयुक्त हुने देखिन्छ ।

१८.६ **(ङ) मर्मत सम्भार कोष** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समितिले गर्नुपर्ने, सोही नियमावलीको उपनियम १५ मा उपभोक्ता समितिले सम्पन्न आयोजनाको सेवा उपयोग गरेबापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्नुपर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नुपर्ने व्यवस्था रहेकोमा उपभोक्ता समिति मार्फत सम्पन्न आयोजना मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था गरेको पाईएन । साथै पालिकाले उपभोक्ता समितिसँग गरिने सम्झौतामा त्यस्तो प्रावधान राखेको समेत नपाईएकोले निर्मित आयोजनाहरुको सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ ।

१९ परामर्श सेवा खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धालाई सीमित हुने गरी खरिद कार्य टुक्राउन नहुने उल्लेख छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा नियम ९ को अधिनमा रही १२(२) बमोजिम तोकिएको आधार लिई गर्नुपर्ने उल्लेख छ । कार्यालयले देहाय अनुसार विभिन्न ३ कार्यक्रमको लागि विस्तृत परियोजना प्रतिवेदन तयारीको परामर्श सेवाको लागि यस वर्ष रु.२०,१४,४३१ खर्च गरेको छ । पालिकाले यस वर्ष खरिद गरेका परामर्श सेवाको विवरण देहाय बमोजिम रहेको छः

भौ. नं./ मिति	**परामर्शदाता**	**कार्य विवरण**	**खर्च रकम रु.**
१८६५।०८१।०३।११	यूनाईटेड ईन्जिनियरिङ सोलुसन प्रा. लि.	कोल्ड स्टोरको डि. पि.आर. निर्माण	११,३०,०००
११२६।०८१।०३।१४	ओट्रे डिजाइनिङ प्रा. लि.	बनेपा नगरपालिकाको भवन निर्माणको डि.पि.आर. निर्माण	३,९५,०००
२११।०८१।०३।२२	एस. आई.टी. ईन्जिनियरिङ्ग सर्भे कन्सल्टेन्सी प्रा.लि.	खाल्चोक मानेडाँडा पर्वतीय स्थलको डि.पि.आर.	४,८९,४३१.२५
जम्मा			**२०,१४,४३१**

उल्लेखित विवरण अनुसार पालिकाले यस आर्थिक वर्षमा गरेका परामर्श सेवा मध्ये यूनाईटेड ईन्जिनियरिङ सोलुसन प्रा. लि. बाट तयार गरेको कोल्ड स्टोरको डि. पि.आर. कार्यान्वयनको चरणमा रहेको विवरण प्राप्त भएको छ भने ओट्रे डिजाइनिङ प्रा. लि. ले तयार गरेको बनेपा नगरपालिकाको भवन र एस. आई.टी. ईन्जिनियरिङ्ग सर्भे कन्सल्टेन्सी प्रा.लि. ले तयार गरेको खाल्चोक मानेडाँडा पर्वतीय स्थलको योजना कार्यान्वयनमा गएको देखिदैन । तसर्थ कार्यान्वयनमा आउन सक्ने र स्रोत सुनिश्चितता भएका योजनाको लागि मात्र परामर्श सेवा खरिद गर्नुपर्दछ ।

२० स्थानीय तथ्यांक, अभिलेख तथा स्रोत लेखांकन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

२१ कर्मचारी व्यवस्थापन

२१.१ **दरबन्दी र पदपूर्तिको अवस्था** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम रहेको छ ।

क्र.सं.	स्वीकृत पद	स्वीकृत दरबन्दी सख्या	पदपूर्ति		पदपूर्ति हुन बाँकी	रिक्त पद
			स्थायी	करार		
१	रा.प. द्वितीय	१	१	०	-	
२	उपसचिव	१	१	०	-	
३	शाखा अधिकृत	१	१	०	-	
४	अधिकृतस्तर आठौं	५	५	०	-	
5	अधिकृतस्तर सातौ	४	४	३	-	
6	अधिकृतस्तर छैठौ	३७	३७	५	-	
7	सहायकस्तर पाँचौ	६१	६१	१५	-	
8	सहायकस्तर चौथो	१६	१६	२५		
9	श्रेणीविहिन	२६	२६	५८	-	
जम्मा		१५२	१५२	१०६	-	

उल्लेखित विवरण अनुसार पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार दरबन्दी अनुसार पदपूर्ती भएको देखिएन । पालिकाले स्थायी सबै तहका कर्मचारीको संख्यालाई आफ्नो दरबन्दी मानेको छ भने करारमा कार्यरत १०६ जना कर्मचारीको सम्बन्धमा O&M सर्भे गरी दरबन्दी कायम गर्नुपर्नेमा गरेको छैन । पालिकाले स्थायी दरबन्दीलाई नै स्वीकृत दरबन्दी मानेको छ । माथी उल्लेखित विभिन्न पदका १०६ करार कर्मचारीलाई नियुक्ति गरी यस आर्थिक वर्षमा रु.४,०२,७०,२१५ तलब भुक्तानी गरेको छ । पालिकाले O&M सर्भे गरी स्वीकृत दरबन्दी बमोजिम प्रकृया पुरा गरी स्थायी वा करारमा नियुक्ति तलब भत्ता खर्च लेख्ने व्यवस्था गर्नुपर्दछ ।

२१.२ **तलबी प्रतिवेदन** - बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९(५) मा स्थानीय सेवाका कर्मचारीहरुको प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा ईकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था उल्लेख रहेको छ । तर, पालिकाले यस आर्थिक वर्षमा तलबी प्रतिवेदन पारित नगराई स्वास्थ्य तर्फका कर्मचारीहरुको रु.३,०७,५६,६८१.१० र पालिका अन्तर्गतका अन्य कर्मचारीहरुको रु.६,५९,३१,१९७.६४ गरी कुल रु.९,६६,८७,८७८.७ खर्च लेखेको छ । पालिकाले तलबी प्रतिवेदन पारित नगराई खर्च भएको रकम सम्बन्धमा यकिन गर्न सकिएन । तसर्थ, ऐन तथा निर्देशन बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र खर्च लेख्नुपर्दछ ।

२१.३ **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । पालिकाले कार्यपालिकाको निर्णय मार्फत प्रमुख प्रशासकीय अधिकृतलाई रु.६०००, अधिकृत स्तरको कर्मचारीलाई रु.४०००, पाँचौ तहसम्मको कर्मचारीलाई रु.२५०० र श्रेणीविहीन कर्मचारीलाई रु.११०० का दरले १४३ जना स्थायी र ३० जना करार गरी कुल १७३ जना कर्मचारीलाई यस आर्थिक वर्षमा जम्मा रु. ३५,८२,३२९/- प्रोत्साहन भत्ता खर्च लेखेको छ । जसको कारणले पालिकालाई थप आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाले कर्मचारीलाई प्रोत्साहन भत्ता लगायत आर्थिक सुविधा उपलब्ध गराउने गरी निर्णय गर्दा आफ्नो आन्तरिक आयको वृद्धि प्रतिशत समेतलाई आधार लिई अनुपातिक विश्लेषण गरी कार्यविधि स्वीकृत गरी सोही बमोजिम खर्च गर्नुपर्दछ ।

२१.४ **दरबन्दी नभएकोमा सरुवा सहमति** - पालिकाले स्वीकृत दरबन्दी अनुसार कर्मचारी पदस्थापना गरी तलव भत्ता खर्च लेख्नुपर्दछ । पालिकाले स्वास्थ्य संघीय शसर्ततर्फबाट तलव भत्ता भुक्तानी गरिने पारमेडिक्स र नर्सिङ समूहमा गरी विभिन्न पदको २८ जनाको स्वीकृत दरबन्दी रहेकोमा सोही बमोजिम मात्र पदस्थापना गरी कार्य गराउनुपर्नेमा दरबन्दी रिक्त भए नभएको यकिन नगरी दरबन्दीभन्दा २२ जना कर्मचारीका लागी पालिकाले सरुवा सहमति दिएको आधारमा देहाय बमोजिम पदहरुमा पदस्थापना गरी ५० जना कर्मचारीको तलव भत्तामा यो वर्ष रु. ३,०७,५६,६८१.१०/- खर्च लेखेको छ । संघीय मन्त्रालयबाट स्वीकृत दरबन्दीको लागी बजेट अपर्याप्त भएको कारण नगरपालिकाले आफ्नो आन्तरिक श्रोततर्फको बजेटबाट खर्च व्यहोरेको छ । दरबन्दी रिक्त नभएको अवस्थामा समेत सरुवा भई आउन सहमति दिएको कारण तलब भत्ता भुक्तानी गर्न अपुग भएको जनाई संघीय मन्त्रालयमा पटकपटक बजेट माग गरी पठाएको भएता पनि मन्त्रालयबाट बजेट प्राप्त भएको छैन । पालिकाले आफ्नो आन्तरिक बजेटबाट दरबन्दी बेगर कार्यरत रहेका

कर्मचारीको तलव भत्तामा खर्च गर्नुपर्दा पालिकाबाट सञ्चालित हुने विभिन्न कार्यक्रम, क्रियाकलाप र योजनाहरुमा खर्च कटौतीको अवस्था सिर्जना भएको हुँदा दरबन्दी बमोजिम पदस्थापनाको व्यवस्था मिलाउनुपर्दछ ।

क्र.सं.	**पद**	**तह**	**स्वीकृत दरबन्दी संख्या**	**कार्यरत रहेको संख्या**	**दरबन्दी भन्दा बढी संख्या**
१	जनस्वास्थ्य अधिकृत	अधिकृत सातौं	१	१	-
२	जनस्वास्थ्य निरीक्षक	छैटौं	८	२६	१८
३	सहायक स्तर	पाचौं	९	१३	४
४	सहायक स्तर	चौंथो	१०	१०	-
जम्मा			**२८**	**५०**	**२२**

२२ **कानून निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनसक्ने व्यवस्था रहेको छ । जसअनुसार पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी राजपत्रमा प्रकाशन पश्चात कानून कार्यान्वयनमा ल्याएको छ ।

सि.नं.	विवरण	संख्या
१.	ऐन	२४
२.	नियम	३
३.	नीति/कार्यविधि	३५
जम्मा		६२

२३ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक कार्य तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र कारबाहीकोअवस्था देहाय बमोजिम रहेको छ ।

गत वर्षबाट सरेका विवाद	यस वर्ष दर्ता भएको	जम्मा	कारबाही भएका विवाद	कारबाही हुन बाँकी विवाद
९	१३	२२	३	१९

लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार आ.व २०८०।८१ मा कारबाही किनारा गरी टुंगो लगाउन बाँकी ९ र यो वर्ष थप भएको १३ गरी कुल २२ विवाद दर्ता भएकोमा ३ वटा मात्र कारबाही भई १९ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र कारबाही किनारा गरी टुंगो लगाउनुपर्दछ ।

२४ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा पालिकाको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले यस आर्थिक वर्षमा आर्थिक सहायता सम्बन्धी कार्यविधि तयार नगरी रु.३०० देखि रु.१०००० सम्म तोक आदेशका आधारमा र रु.१०,००० भन्दा माथि कार्यपालिकाको निर्णय मार्फत कुल ५८ जनालाई रु.२०,०८,५९६ आर्थिक सहायता वितरण गरेको देखिन्छ । पालिकाको आन्तरिक आय रु.१२,२८,०७,६८४ रहेकोमा आर्थिक सहायता वितरणमा १.६३ प्रतिशत खर्च गरेको देखिन्छ । आन्तरीक आयलाई मध्यनजर गरी मापदण्ड र कार्यविधिको आधारमा मात्र वितरण गरी यस्ता खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।

२५ **शिक्षा तर्फ**

२५.१ **शिक्षक दरबन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २७ वटा सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

विद्यालय संख्या	शिक्षक दरबन्दी	स्थायी पदपूर्ति	पदपूर्ति मध्ये करार	पदपूर्ति मध्ये राहत	विद्यार्थी संख्या
२७	३२५	२५२	५०	२३	५५५३

उल्लिखित विवरण अनुसार पालिकामा जम्मा ३२५ शिक्षकको दरबन्दी रहेकोमा २५२ जना स्थायी पदपूर्ति र ७३ जना राहत/करारमा नियुक्त गरी जम्मा ३२५ पदपूर्ति गरेको देखिन्छ । पालिकाको शैक्षिक गुणस्तर वृद्धि गर्न करार तथा राहतमा नियुक्त गरिएका पदहरु समेत स्थायी पदपूर्ती गर्ने तर्फ पहल गर्नुपर्दछ ।

२५.२ **शिक्षक विद्यार्थी अनुपात** - शिक्षा नियमावली, २०५९ को नियम ७७(१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र तराई भेगमा ५०:१ रहने व्यवस्था छ । सोही ऐनको १२ (क) मा अधिकांश कक्षामा नियम ७७ बमोजिम विद्यार्थी संख्या नभएमा विद्यालय गाभ्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

विद्यालय संख्या	शिक्षक संख्या	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
२७	३२५	५५५३	१:१७

उल्लेखित विवरण अनुसार पालिकामा कुल शिक्षक शिक्षक संख्या ३२५ जना रहेकोमा विद्यार्थी संख्या ५५५३ रहेको छ । पालिकाका सामुदायीक विद्यालयको शिक्षक विद्यालर्थी अनुपात न्यूनतम १:६ देखि अधिकतम १:३२ रहेको छ भने २७ वटा विद्यालयलको औषत शिक्षक विद्यार्थी अनुपात १:१७ रहेको छ । पालिकाले यस आर्थिक वर्षमा विद्यालय मर्जरको कार्य आंशिक रुपमा गरेको छ । सो अनुसार कतिपय विलालयमा शिक्षक दरबन्दी न्यून अवस्था रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्दै गएको अवस्था देखिन्छ । पालिकाले विद्यालय समायोजन तथा दरबन्दी मिलानको कार्य गर्नुपर्दछ ।

२५.३ **संस्थागत विद्यालयको छात्रवृत्ति** - बनेपा नगरपालिका विद्यालय शिक्षा सञ्चालन व्यवस्थापन तथा नियमन कार्यविधि, २०७५ को परिच्छेद १० को बुँदा नं ५९ मा संस्थागत विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको १० प्रतिशत विद्यार्थीलाई छात्रवृत्ति दिनुपर्ने व्यवस्था रहेको छ । सोही कार्यविधिको बुँदा नं ६०मा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको नामावली सार्वजनिक रुपमा टाँस गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसार संस्थागत विद्यालयमा अध्यनरत विद्यार्थी संख्या निम्नानुसार छन् ।

विद्यालय संख्या	विद्यार्थी संख्या	छात्रवृत्ति प्राप्त गर्नुपर्ने विद्यार्थी संख्या
४५	१८१२६	१४५

उल्लिखित विवरण अनुसार पालिकामा सञ्चालनमा रहेका ४५ वटा संस्थागत विद्यालयमा १८१२६ जना विद्यार्थी अध्ययनरत रहेकोमा कुल विद्यार्थी संख्याको १० प्रतिशत अर्थात १८१२ जना विद्यार्थीले छात्रवृत्ति पाउनुपर्नेमा १४५ जनाले मात्र पाएको देखिन्छ । जसमध्ये १६६७ जना विद्यार्थी छात्रवृत्ति प्राप्त गर्ने सुविधाबाट वञ्चित रहेको देखिन्छ । पालिकाको कार्यविधिमा भएको व्यवस्था बमोजिम संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थी मध्येबाट न्यूनतम १० प्रतिशत विद्यार्थीले छात्रवृत्ति सुविधाबाट यस शैक्षिक सत्रमा वञ्चित हुनु नपर्ने अवस्थामा सुधार गर्ने, नियमित अनुगमन गर्ने र सोको अभिलेख राख्ने, छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको सार्वजनिक रुपमा सूचना टाँस गर्ने लगायतका व्यवस्था हुनुपर्दछ ।

२६ **सहकारी तर्फ**

२६.१ **सहकारी कानून निर्माण** – नेपालको संविधानको धारा ५७ (६) अनुसार उपधारा (३)वा (५) बमोजिम प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनुपर्नेछ र प्रदेश सभा, गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्स्था छ । त्यसैगरी संविधानको अनुसूची – ५ संघको अधिकार सूची अन्तर्गत बुदाँ नं. ३० मा फौजदारी र देवानी कानूनको निर्माण गर्ने अधिकार संघको रहेको छ । बनेपा नगरपालिका सहकारी ऐन, २०७५ को दफा ८० अन्तर्गत विभिन्न कसुरका लागि १ वर्ष देखि १० वर्ष सम्म कैद सजाय व्यवस्था छ । त्यसैले देवानी तथा फौजदारी कानून निर्माण गर्ने संवैधानिक तथा कानूनी क्षेत्राधिकार संघीय सरकारको देखिएकाले उल्लेखित कानूनी व्यवस्थामा सुधार हुनुपर्दछ ।

२६.२ **सहकारी संस्थाको विवरण** – बनेपा नगरपालिका सहकारी ऐन, २०७५ अनुसार सञ्चालनमा रहेका सरहकारी संस्थाको विवरण देहाय बमोजिम रहेको छ ।

सहकारी संस्थाको किसिम	सहकारी संख्या	सदस्य संख्या	शेयर पूँजी रु.	बचत रु.	ऋण लगानी रु.	जगेडा कोष
बचत तथा ऋण सहकारी संस्था लि.	९२	८०,६५३	५९,९९,३६,५२०	४,६६,७७,८१,१५,९७	४,६६,००,९३,१०१	२६,८१,४३,९८५
बहुउदेश्यीय सहकारी संस्था लि.	१३	१०,५४५	१,३३,०१,१५,४९२	७०,११,३४,०२९	६३,५३,५४,९२५	३,६०,१०,५३५
कृषि सहकारी संस्था लि.	११	७,६५७	२,२९,८३,६३२	१६,९०,१२,९७५	४३,३१,३७,४२८	८०,६१,८२,४४८
अन्य	५	४९०	८७,१५,८००	६,८०,८२,७३४	६,६२,६०,६९६	३५,६९,३९४
जम्मा	**१२१**	**९९,३४५**	**१,९६,१७,५१,४४४**	**४,६७,७१,६३,४५,६९५**	**५,७९,४८,४६,१५०**	**१,११,३९,०६,३६२**

उल्लेखित विवरण अनुसार पालिकामा १२१ वटा सहकारी संस्था सञ्चालनमा रहेका छन भने ती सहकारी संस्थामा ९९३४५ जना शेयर सदस्य रहेका छन । १२१ वटा सहकारी संस्थाको शेयर पूँजी रु.१,९६,१७,५१,४४४, बचत रु.४,६७,७१,६३,४५,६९५, ऋण लगानी रु.५,७९,४८,४६,१५० र जगेडा कोष रु.१,११,३९,०६,३६२ रहेको छ । पालिकाको सहकारी ऐन, २०७५ मा उल्लेख भए अनुसार सहकारी सदस्यहरुको हित र बचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयोग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित र सघन अनुगमन गर्ने कार्यमा ध्यान दिएको देखिएन । नेपालको संविधानले सहकारी संस्थाको दर्ता देखि विघटन सम्मका सम्पूर्ण जिम्मेवारी स्थानीय तहको एकल अधिकार सूची अन्तरगत राखेको तथा सहकारी क्षेत्र भित्रको सम्पूर्ण अविभावकिय दायित्व स्थानीय तहको रहेकोले सहकारी संस्थाहरुलाई पालिकाको सहकारी ऐन बमोजिम संचालनमा ल्याउनु पर्दछ ।

२६.३ **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १२१ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । अत: ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२७ अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको यस आर्थिक वर्षमा संघीय सरकारको अनुदान र प्रदेश सरकारको अनुदानको प्राप्ति, बजेट खर्च र अनुदान फिर्ताको विवरण देहाय बमोजिम रहेको देखिन्छ ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम रु.	खर्च रकम रु.	बाँकी रकम रु.
संघीय सरकार	सशर्त	३६,४१,१४,०००	३३,७६,१९,३८२.७०	२,६४,९४,६१७.३०
	विशेष	२,००,००,०००	०	२,००,००,०००
	समपुरक	६५,००,०००	५१,३१,९००.०३	१३,६८,०९९.९७
प्रदेश सरकार	सशर्त	१,९४,२६,०००	१,३५,९२,०८३.३६	५८,३३,९१६.६४
	विशेष	०	०	०
	समपुरक	३,००,००,०००	२,६१,३०,०६८.४४	३८,६९,९३१.५६
जम्मा रु.		४४,००,४०,०००	३८,२४,७३,४३४.५३	५,७५,६६,५६५.४७

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाले समग्रमा रु.४४ करोड ४० हजार अनुदान प्राप्त गरेकोमा रु.३८ करोड २४ लाख ७३ हजार खर्च गरी बाँकी रहेको रु.५ करोड ७५ लाख ६६ हजार मिति २०८१।०३।३१ मा सम्बन्धित निकायमा फिर्ता गरेको देखिन्छ ।

२८ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा विविध खर्च शीर्षक बार्षिक रु.४३ लाख बजेट विनियोजन भएकोमा रु.४२,८३,६६७ खर्च गरेको छ । खर्च मध्ये नगरसभा सञ्चालनमा रु.२,०७,०११, नगरपालिका स्थापना दिवसमा रु.४,३३,८००, उद्योग बाणिज्य संघ कृषि मेला काभ्रेको लागि

रु.५,००,००० र खाना तथा खाजामा रु.३१,४५,८५६ खर्च गरेको छ । यस्तो खर्चमा केही भैपरी आउने प्रशासनिक खर्च समेत समावेश भएको देखिता पनि अधिकांश खांना, खाजा, जात्रा तथा पर्वमा खर्च भएको देखिन्छ । यस्तो खर्चमा पालिकाले मितव्ययिता कायम गर्नुपर्दछ ।

२९ **अनुदानको उपयोग**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ ।

क्र.सं.	कार्यक्रमको नाम	अनुदान रकम (रु हजारमा)	अनुदान प्रतिशत	लाभग्राही संख्या
१	निशुल्क पशु बिमा कार्यक्रम	५०००	१०० प्रतिशत	विवरण उपलब्ध नभएको ।
२	हरियो घाँस विस्तार कार्यक्रम	४८०	१०० प्रतिशत	विवरण उपलब्ध नभएको ।
३	अर्गानिक खेती सम्बन्धी तालिम	५००	५० प्रतिशत अनुदान	१५
४	आधुनिक मौरी पालन तालिम तथा सामाग्री वितरण	१२००	५० प्रतिशत अनुदान	२०
५	उत्कृष्ट कृषक पुरस्कार	१००	१०० प्रतिशत अनुदान	५
६	कम्पोष्ट वीन वितरण	५००	५० प्रतिशत अनुदान	३५०
७	कृषि औजार उपकरण हाते ट्याक्टर वितरण	७००	५० प्रतिशत अनुदान	७२
८	बिषादी छर्ने पम्प वितरण	५००	५० प्रतिशत अनुदान	३५०
९	कृषि चुन वितरण	७००	७५ प्रतिशत अनुदान	२५०
१०	कौशी खेती तालिम तथा बीउ तथा ईम वितरण	५००	५० प्रतिशत अनुदान	१००
११	गोलभेडामा प्रयोग हुने ट्रयाप तथा फेरोमेन वितरण	७००	१०० प्रतिशत अनुदान	५००
१२	तरकारी मिनिकिट हिउदे तथा बर्षे वितरण	११००	१०० प्रतिशत अनुदान	१०००
१३	प्लाष्टिक टनेल वितरण	५००	५० प्रतिशत अनुदान	१४६
१४	रोगकिरा ब्यवस्थापन तालिम	५००	१०० प्रतिशत अनुदान	२००
१५	कौशी खेती का लागि कोकोपिट सहयोग कार्यक्रम	१०००	१०० प्रतिशत अनुदान	१०००
१६	किसान सूचीकरण कार्यक्रम	२४९	१०० प्रतिशत अनुदान	२२००
जम्मा		१४२२९	जम्मा	६२०८

उपरोक्त विवरण अनुसार पालिकाले यस आर्थिक वर्षमा विभिन्न कार्यक्रमको लागि रु.१ करोड ४२ लाख २९ हजारको अनुदान ६२०८ जना लाभग्राहीलाई वितरण गरेको छ । लाभग्राही छनौट पारदर्शी एवम् प्रतिस्पर्धी विधि अपनाईएको र विगत वर्षहरुमा दिएको अनुदानमा दोहोरोपना आउन नदिने गरी अनुदान उपलब्ध गराईएको छ भनि आश्वस्त हुने गरी अद्यावधिक अभिलेख राखेको छैन। पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलब्धी मापन गरेको छैन। अनुदान सम्बन्धमा स्थानीय नीति तयार गरेको छैन। तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ प्रदेश र स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी लाभग्राहीको जीवनस्तरमा सुधार भए नभएको यकिन गर्न समेत सूचांक प्राप्त हुने गरी अनुगमन प्रतिवेदन तयार गर्ने, वेबसाईटमा सार्वजनिकीकरण गर्ने, अनुदान वितरणको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

३० **सम्पत्ति कर**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **९८,८८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **९९,७३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **३,५४४,९५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **२,४१३,६६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **९८८,४४७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **३,१०९,४४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१७९,०९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **८५,९९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३१ **आन्तरिक आय तर्फ**

३१.१ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र बहाल बिरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । उल्लिखित आय शीर्षकहरुमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान रु.	असुली रु.	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	१,३२,००,०००	१,३२,५८,९६५	१००.४४
घरजग्गा बहाल कर	३,००,००,०००	३,२७,८७,१०४.४१	१०९.२९
व्यवसाय कर	८५,००,०००	७०,२०,७५५.५०	८२.६

उल्लेखित विवरण अनुसार पालिकाले एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर र व्यवसाय करको अनुमान गरेको र असुली गरेको अवस्था सन्तुलित रहेको देखिन्छ । पालिका भित्र निर्मित संरचनाहरुको यथार्थ मूल्याङ्कन गर्ने हो भने करमा वृद्धि हुने देखिन्छ । सुर्य भवन, बिकु टावर लगाएतका ठुला करदाताहरुको सम्पत्ति कर मूल्याङ्कन गर्दा निर्मित संरचना भन्दा कम क्षेत्रको मात्र मूल्याङ्कग गरेको छ भने डाबर नेपाल, नेपाल पुलिस स्कुल, कलेज, निजी अस्पतालहरुको सम्पत्ति कर र व्यवसाय कर संङ्कलन गरेको देखिदैन । प्रत्येक करदाताको पालिका भित्र रहेको संरचना तथा सम्पत्तिलाई एकीकृत रुपमा गणना गरी कर लिनुपर्नेमा छुट्टाछुट्टै आइडिबाट कर लिने गरेको देखिन्छ । तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी सबै करदातालाई करको दायरामा ल्याई आन्तरिक आयको वृद्धि गर्ने तर्फ पहल गर्नुपर्दछ ।

३१.२ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ७०,२०,७५५.५०/- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सकिने अवस्था छैन । तसर्थ, पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीहरुको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३१.३ **राजश्व दाखिला** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(८), उपदफा ७ बमोजिम खरिद सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पुरै जमानत जफत हुने र सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पुरा गर्न जे-जति रकम आवश्यक पर्छ सो रकम सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गरिने व्यवस्था रहेको छ । नगरपालिकाले भैँसेपाटी बाँसडोल सडक निर्माण फेज III (ठेक्का नं :- BNP/NCB/RCN/01/077/78) कार्यको निर्माण व्यवसायी आत्रेय। शिवाके बस्नेत जे.भि सँग २०८०।१०।२५ मा खरिद सम्झौता अन्त्य गरेकोमा निजले प्राईम कमर्सियल बैंकमा राखेको कार्यसम्पादन जमानत रु १,१५,१६,३०७/- जफत गरी आन्तरिक आय खातामा राखेकोमा उक्त रकम सम्बन्धित सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१,१५,१६,३०७

३१.४

आय अनुमान - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रु.३३,५०,६९,७०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०/८१ मा रु.१२,२८,०७,६८४.५१ अर्थात अनुमान भन्दा ३६ प्रतिशत कम आय प्राप्त गरेको छ । करका सम्भाव्य क्षेत्र पहिचान गरी करको दायरा विस्तार गरी आन्तरिक आय वृद्धि गर्ने तर्फ थप प्रयास गर्नुपर्दछ ।

३२ **पालिकाको कुल खर्चमा आन्तरिक आय**

पालिकाको कुल खर्चमा आन्तरिक आय - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा पालिकाको जम्मा खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

पालिकाको कुल खर्च	आन्तरिक आय	जम्मा खर्चको तुलनामा आन्तरिक आयको हिस्सा प्रतिशत
१,५७,०१,६८,४१०.05	२५,२०,५७,९५१.७०	१६.०५

पालिकाको यस वर्षको कुल खर्च रु.१ अर्ब ५७ करोड १ लाख ६८ हजार रहेकोमा आन्तरिक आय रु.२५ करोड २० लाख ५७ हजार रहेको छ जुन कुल खर्चको आन्तरिक आय १६.०५ प्रतिशत रहेको छ । सम्पत्ति कर, घर जग्गा बहाल कर, व्यवसाय कर, मनोरञ्जन कर तथा विज्ञापन कर नियमानुसार सङ्कलन गर्ने तर्फ पालिकाले प्रयत्न गरेमा आन्तरिक आयमा वृद्धि हुने देखिन्छ । तसर्थ पालिकामा आन्तरिक आयको सम्भावना रहेको देखिदा आयको सङ्कलन गर्ने तर्फ पालिकाले तत्परता देखाउनु पर्दछ ।

३३ **बहाल रकम**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **६,१०३,१६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **४,७२४,९१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **२,७८७,९९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **२३३,६६३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१,७२८,९९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३४ **कार्यसम्पादन बैंक जमानत**

कार्यसम्पादन बैंक जमानत : बनेपा नगरपालिका आन्तरिक आय संकलन तथा आय(ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७७ को दफा ५ को उपदफा ५ मा बोलपत्र स्वीकृत भएपछि त्यस्तो बोलपत्रदाताले स्वीकृत ठेक्का अंकको ५० प्रतिशत रकम नगदै नगरपालिकाले तोकेको बैंकमा दाखिला गर्नुपर्ने र ५० प्रतिशत रकम मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको ठेक्का अवधि भन्दा बढी म्याद भएको(बहुवर्षीय ठेक्काको हकमा कम्तीमा १ वर्ष म्याद भएको) पर्फमेन्स बैंक ग्यारेन्टी प्राप्त भएपछि ठेक्का पाउने सबै शर्त खुलाई सम्बन्धित ठेकेदारसँग अनुसूची-३ बमोजिम कबुलियत गराई अनुसूची-४ बमोजिमको पट्टा वा चलान पूर्जी दिनुपर्ने व्यवस्था छ । त्यसैगरी भवन/सटर बहाल उठाउने सम्बन्धी देहाय बमोजिमका व्यक्तिहरुसँग ठेक्का सम्झौता गरेकोमा कार्यविधिमा उल्लिखित व्यवस्था बमोजिमको अवधि भएको बैंक जमानत पेश गर्नुपर्नेमा गरेको नदेखिएकोले देहाय अनुसार ठेक्काको म्याद भएको बैंक जमानत पेश हुनुपर्दछ, रु.

ठेक्का नं	सटर कबलको क्षेत्र	बोलपत्रदाता	मासिक कबोल अंक रु.	सम्झौता मिति	ठेक्का अवधि	वार्षिक कबोल अंक रु.	कार्यसम्पादन जमानत रकम/बैंक	पर्फमेन्स बोन्ड ग्यारेन्टीको हुनुपर्ने म्याद
रा.५। २०७८। ७९	पुरानो सपिङ बम्प्लेक्स ब्लक ख	रोहित श्रेष्ठ, बनेपा-८	६,७१,२२६/-	२०७९। ०८।२३	४ वर्ष	८०,५४,७२४/-	८०,८४,७१२/-	२०८४।०८।२३
							सानिमा बैंक	
रा.६। २०७८। ७९	नयाँ सपिङ कम्प्लेक्स पूर्वतर्फ ब्लक ग	राधेश्याम काफ्ले बनेपा-८	३,२५,१००/-	२०७९। ०८।२३	४ वर्ष	४०,२१,२००/-	३९,७३,२००/-	२०८४।०८।२३
							ग्लोबल आई एम ई बैंक	
रा.७। २०७८। ७९	नयाँ सपिङ कम्प्लेक्स पश्चिम तर्फ ब्लक घ	मनिषा बडाल मंगलटार-८	१,८२,२२२/-	२०७९। १०।१७	४ वर्ष	२१,८६,६६४/-	२१,८६,६६४/-	२०८४।१०।१८
							सानिमा बैंक	
रा.८। २०७८। ७९	साबिक ६ नं वडा कार्यालय भवन पछाडि पट्टि पूर्व तर्फको सटर ब्लक ङ	रोहित श्रेष्ठ बनेपा-८	२५,१२५/-	२०७९। १०।१७	४ वर्ष	३,०१,५००/-	३,०१,५००/-	२०८४।१०।१८
							सानिमा बैंक	
रा.९। २०७८। ७९	बसपार्कभित्रको ग्यारेज भवन ब्लक च	दोर्जे ह्युल्सा जे.भि तेमाल-४	१,०१,१११/-	२०७९। ०८।२३	४ वर्ष	१२,१३,३३२/-	१,०१,१११/-	२०८४।०८।२४
							कृषि विकास बैंक	
जम्मा रु.							१,४६,४७,१८७/-	

प्रमाण पेश नगरेको	१,४६,४७,१८७

३५ फरक दरमा भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत दररेटका आधारमा लागत अनुमान तयार गरी सोही आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायका उपभोक्ता समितिलाई निर्माण कार्य गर्दा स्वीकृत दरमा भन्दा बढी दरमा भुक्तानी गरेको देखिन्छ । तसर्थ पालिकाले स्वीकृत गरेको दर भन्दा बढी दरमा बढी भुक्तानी गरेको रु.२,०९,२४९ सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

भौ नं मिति	योजना/उपभोक्ता समितिको नाम	निर्माण कार्य	कार्य परिमाण (घनमिटरमा)	स्वीकृत दर	भुक्तानी दर	बढी भुक्तानी
४०-२०८१। ०३।१९	टुसाल एकता मार्ग सडक स्तरोउन्नती तथा चामुण्डादेवी उद्गमस्थल सिढी निर्माण उपभोक्ता समिति	PCC/RCC M15 1:2:4	३३.१८	१०१५४.०६	१३६४६.४८	११५८७८
९००- ०८१। ०३।२१	ठुलो धारो हुँदै बरबन्डी सिढी निर्माण उपभोक्ता समिति	PCC M15 1:2:4	२८.२४	११०५१.७४	१३४८६.४५	६८८१६.८६
६८५- ०८१। ०१।२६	सानुखोला रजमती सडक उपभोक्ता समिति	Providing and laying local gravel	१७३.६	१३१९.६५	१४६१.०९	२४५५३.९८
जम्मा रु.						२०९२४९

असुल गर्नुपर्ने	२,०९,२४९

३६ चण्डेश्वरी मार्गमा बढी भुक्तानी

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **२७,२३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३७ निजी क्षेत्रलाई अनुदान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा स्थानीय तहले बजेट तर्जूमा गर्दा तथा लगानी गर्दा उत्पादनमुलक क्षेत्रमा लगानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा नाफा कमाउने उद्देश्यले स्थापना भई सञ्चालनमा रहेको रेयुकाई एईको मासुनागा आँखा अस्पताललाई अस्पतालको

लिफ्ट बनाउन रु.४९,२५,००० अनुदान दिएको छ । पालिकाले आफ्नो कार्यक्षेत्र भित्र उत्पादन र विकास निर्माण क्षेत्रमा लगानी बढाई जनताको जीवनस्तरमा सुधार गर्ने कार्यमा बजेट खर्च गर्नुपर्नेमा नाफामूलक संस्थालाई अनुदान दिनु औचित्यपूर्ण देखिएन । तसर्थ ऐनमा भएको व्यवस्था विपरित नाफामुलक संस्थालाई अनुदान दिनु नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	४९,२५,०००

३८ **जटिल प्रकृतिका कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपभोक्ता समितिबाट आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितको भवन निर्माण तथा मर्मत र बाटो कालोपत्रे लगाएतका कार्य गराएको छ । उपभोक्ता समितिबाट निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्नुपर्दछ । उपभोक्ता समितिको स्वामित्वमा रहने र निर्माण कार्यबाट प्रत्यक्ष लाभ नलिने प्रकृतिका कार्य उपभोक्ता समितिबाट गराउदा त्यसको सहजता र गुणस्तर समेत कायम हुने गरी कार्य गराउनुपर्दछ ।

भौ नं मिति	उपभोक्ता समितिको नाम	कार्यको जम्मा मूल्याङ्कन	भुक्तानी रकम	उपभोक्ता समितिको जनश्रमदान
८९७-०८१।०३।२१	मुक्ती सहायक मार्गमा कालोपत्रे निर्माण उपभोक्ता समिति	१७६५४३१	१४८५०००	२६५४३१
८५५-०८१।०३।१९	श्रीखण्ड सहायक मार्ग सडक निर्माण उपभोक्ता समिति	१३३४८२९	१०८९०००	२३४८२९
८२५-०८१।०३।१७	श्री चक्रज्योति माध्यामिक विद्यालय भवन निर्माण	२५०२०३२	२५०००००	२०३२
८३९-०८१।०३।१८	जलेश्वर मार्ग उपभोक्ता समिति (बाटो कालोपत्रे)	९४४०५७	७९२०००	१४७०००
१९७-०८०।०७।०७	तुल्टी शान्तिनगर पुल निर्माण उपभोक्ता समिति	१९९६२३१	१७९२०००	३४६२८३
९६१-०८१।०३।२४	श्री भक्तेश्वर माध्यामिक विद्यालय भवन निर्माण उपभोक्ता समिति	२०१४८७७.८६	२०१४८७७.८६	०
६८७-०८१।०१।२७	वडा कार्यालय भवन तला थप निर्माण उपभोक्ता समिति	२५५५६५१	२४७५०००	५४९२६
७४०-०८१।०२।०७	वडा कार्यालय सामुदायिक भवन ट्रष्ट निर्माण उपभोक्ता समिति	१९०१२३६	१९०००००	११६३
२००-०८०।०७।०२	वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति	२०४१३७५	१९८००००	४०४०६
६०६-०८०।१२।०५	धमिलो खोला पक्की सडक निर्माण उपभोक्ता समिति	११४१४१६	९९००००	१३६१५६

३९ **प्रदेश समपुरक अनुदान फिर्ता**

संघीय समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को दफा (६) को उपदफा (१) तथा बागमती प्रदेशबाट जारी गरिएको प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को दफा (४) अनुसार समपुरक अनुदानमा सञ्चालित आयोजनाहरुको कुल बजेट खर्चमा कम्तीमा ५० प्रतिशत रकम स्थानीय तहले व्यहोर्नुपर्ने व्यवस्था उल्लेख छ । पालिकाले यस वर्ष प्रदेश समपुरक अन्तर्गत सञ्चालन भएको अरनिको राजमार्ग देखि अपाङ्ग बाल अस्पताल पुनस्थापना केन्द्रसम्मको सडक स्तरोन्नति आयोजनाको भुक्तानी गर्दा प्रदेश समपुरक कोषको ५० प्रतिशत र पालिकाको आन्तरिक श्रोतबाट ५० प्रतिशत खर्च व्यहोर्नुपर्ने र सोही बमोजिम खर्च लेख्नुपर्नेमा कुल खर्च भएको मध्ये ५० प्रतिशतले हुने रु.९५९६८८१ पालिकाको तर्फबाट योगदान हुनुपर्नेमा रु.७५०२९६३ मात्र योगदान रहेको देखिएकोले नपुग रु.२०९३९१८.२५ स्थानीय तहले प्रदेश सञ्चित कोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु.

क्र सं	आयोजनाको नाम	कुल लागत अनुमान रु	कुल खर्च रु	पालिकाले व्यहोर्नुपर्ने ५० प्रतिशत रु.	पालिकाले व्यहोरेको रु.	नपुग रकम रु.
१	अरनिको राजमार्ग देखि अपाङ्ग बाल अस्पताल पुनस्थापना केन्द्रसम्मको सडक स्तरोन्नति, बनेपा-११ (प्रदेश समपुरक)	३५१०३८२६.३६	१९१९३७६२.२१	९५९६८८१.१०५	७५०२९६२.९८	२०९३९१८.२५

प्रमाण पेश नगरेको	२०,९३,९१८.२५

४० **आदर्श बाल विकास केन्द्र**

आदर्श बाल विकास केन्द्रका बौद्धिक अपाङ्गता भएका विद्यार्थीको लागि विशेष आवाशीय भवन निर्माणको कुल लागत अनुमान रु.१२,११,७३,८८८।७० तयार गरेकोमा प्रत्येक वर्षमा भएको बजेट विनियोजनको आधारमा ठेक्का प्रतिस्पर्धामा कार्य गर्दै आएको छ । उक्त भवन निर्माण कार्य २०७७ देखि सुरु

भई हाल सम्म रु.२,३५,७१,६४५।७८ भुक्तानी गरेको छ । बजेट निकासा गर्ने SSDP बाट प्रत्येक वर्ष जति बजेट विनियोजन भयो सोही बजेटको सीमा भित्र रही ठेक्का प्रतिस्पर्धाको माध्यामबाट कार्य गर्दै जानेहो भने भवन निर्माणको कार्य लम्बिने र लागतमा समेत लगभग दोब्बर हुने अवस्था देखिन्छ । विद्यालयमा हाल जम्मा ४१ जना विद्यार्थी र ६ जना शिक्षक रहेको जानकारी प्राप्त भएको छ । निर्माणाधीन आवासीय भवनमा देहायका विशेषता हुनेछन -

- नव निर्माणाधिन भवनमा २०० जना बस्ने सक्ने क्षमता हुने,
- विद्यालयमा Dark Room, Audio Proof Room, Counseling Room, प्रशासनिक भवन, वार्डेन कक्ष, IT सुविधासहितको पुस्तकालय हुने,
- आधारभूत उपकरणसहितको थेरापी कक्ष र विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाहरुका लागि नमुना स्रोत कक्षाको व्यवस्था गर्न सकिने गरी भवन निर्माण गर्नुपर्ने छ, अपाङ्गता भए अनुकूल खेलमैदान, सङ्गीत, योगाभ्यास र कर्मयोगको माध्यमबाट स्वावलम्बी बनाउन करेसाबारीका लागि आवश्यकपर्ने जग्गाको समेत व्यवस्था गर्नुपर्ने,
- पूर्व व्यावसायिक सीप विकासका लागि अभ्यास गर्ने आवश्यक सामग्री सहितको कक्ष निर्माण गर्ने ।

तसर्थ, भवन निर्माणको लागि आवश्यक पर्ने सम्पूर्ण बजेट सम्बन्धित निकायले विनियोजन नगरेमा भवन निर्माणको कार्य लम्बिदै जाने, विद्यार्थीहरुले निर्माणाधिन भवनबाट शिक्षा लिन नपाउने र राज्यको खर्चमा समेत बढोत्तरी हुने देखिन्छ । भवन निर्माण गर्दा कुल लागत अनुमानबाट निर्माण भएका कार्यहरु घटाउदै हालको कार्य र बाँकी कार्य समेत क्यारी गर्दै जानुपर्नेमा सो गरेको देखिएन । बजेट विनियोजन गर्ने सम्बन्धित निकायले बाँकी भवन निर्माण कार्य सम्पन्न गर्न आवश्यक पर्ने बजेट निकासा दिई भवन निर्माणको कार्यमा शिघ्रता ल्याउने र अपाङ्गता भएका विद्यार्थीले सुविधा उपभोग गर्न सक्ने गरी बजेट निकासा गर्नुपर्दछ ।

४१ **बिल बिजक भन्दा बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(१) मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि आपुर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई करारका शर्त बमोजिम अन्तिम भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले करुणामय स्वागतद्धार निर्माण उपभोक्ता समितिलाई स्वागतद्धार निर्माण गरेवापत जम्मा रु.६,९२,७३५ भुक्तानी गरेको छ । उक्त कार्य गर्दा प्रयोग हुने काष्ठको Sal Wood Work को काममा ०.७९ घनमिटरको रु.२,४३,६०५।५० का दरले रु.१,९२,४१४।८७ र Wooden Highly carving work excluding wood को काममा ९.५४ स्क्वार मिटरको रु.३६,९४९।५० का दरले रु.३,५२,५५५९१ समेत गरी जम्मा रु.५,४४,९७०।७८ भुक्तानी गरेको छ । उपभोक्ता समितिले सोही कार्यको लागि स्वदेशी काष्ठ तथा फर्निचर उद्योग प्रा.लि. (६१०३५३४९३) लाई काष्ठको खरिद देखि आँखीझ्याल समेतको कार्यमा रु.४,२२,२२२।२४ भुक्तानी गरेको छ । उक्त कार्य रु.४,२२,२२२।२४ मा सम्पन्न भएको पालिकाले रु.५,४४,९७०।७८ भुक्तानी गर्दा रु.१,२२,७४८।५४ बढी भुक्तानी भएको छ । कम लागतमा सम्पन्न भएको कार्यमा बढी भुक्तानी गरेको रु.१,२२,७४८।५४ उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,२२,७४८

४२ **ग्याबिन बक्समा बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्चको भुक्तानी गर्दा विल भरपाई समेतको लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका उपभोक्ता समितिबाट बाटो निर्माण तथा मर्मतको कार्यमा प्रयोग भएका ग्यावित बक्स खरिद गरेको दर भन्दा बढी दरमा भुक्तानी गरेको छ । उपभोक्ता समितिले संलग्न गरेको विल अनुसार भन्दा पालिकाले भुक्तानी गरेको दर बढी रहेको छ । उपभोक्ता समितिबाट ग्याबिन बक्स फिलिङ्ग गर्ने दर प्रतिघनमिटर रु.४७६६.३५ रहेकोमा खरिद समेतको दर समावेश गर्दा २*१*१ को बक्स साइजको प्रतिघनमिटर रु.६३१५ र १.५*१*१ को बक्स साइजको प्रतिघनमिटर रु.६३०४ का दरले भुक्तानी गरेको छ । ग्याबिन बक्स खरिद गरेको भन्दा पालिकाले भुक्तानी गरेको दर देहाय बमोजिम बढी रहेको देखिन्छ । देहायका उपभोक्ता समितिलाई बढी दरमा भुक्तानी गरेको रु.३७,१००.४६ असुल गर्नुपर्ने रु.

भौ नं मिति	उपभोक्ता समितिको नाम	ग्याबिनको साइज	कार्य परिमाण	खरिद दर (भ्याट समेत)	भुक्तानी दर	बढी भुक्तानी दर	बढी भुक्तानी
९४०- ०८०।०३।२४	सल्ले स्यालटार च्यानडाँडा बाटो निर्माण उपभोक्ता समिति	२*१*१	१३२ घनमिटर	१४५७.४९	१५४८.६५	९१.१५	१२०३३.१२
		१.५*१*१	४३.५ घनमिटर	१४१३.३२	१५३७.६५	१२४.३३	५४०८.३५५
९४३- ०८०।०३।२४	चतुरे बस्ती जाने बाटो नाली ढलान उपभोक्ता समिति	२*१*१	३६ घनमिटर	१४२०	१५४८.६५	१२८.६५	४६३१.४
		१.५*१*१	४३.५ घनमिटर	१३७६.६६	१५३७.६५	१६०.९९	७००३.०६
५७१- ०८०।११।२२	श्री आघाल गुफाडोली सडक उ स	२*१*१	८८ घनमिटर	१४५७.५	१५४८.६५	९१.१५	८०२४.५२
जम्मा							३७१००.४६
						असुल गर्नुपर्ने	३७,१००

४३ **उपभोक्ता समितिको न्यून जनश्रमदान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(२) मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा उपभोक्ता समितिले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम खुलाउनु पर्ने तथा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सार्वजनिक निर्माण कार्य गराउने सम्बन्धी कार्यविधि, २०७८ को बुँदा नं. १७ को अनुसूची – ४ मा उपभोक्ता समितिसँग निर्माण कार्यको सम्झौता गर्दा लागत सहभागिता (नगद/श्रमदान/वस्तुगत) कम्तिमा १० प्रतिशत नघट्ने गरी गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिबाट भवन निर्माण लगाएतका कार्य गराउँदा शून्य जनश्रमदानमा गराएको छ । सार्वजनिक खरिद नियमावली र कार्यविधिमा भएको व्यवस्था अवलम्बन नगरी जनश्रमदान शून्यमा उपभोक्ता समितिबाट कार्य गराएको छ । उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा न्यूनतम १० प्रतिशत जनसहभागिता सुनिश्चित हुनुपर्नेमा देहायका कुनै आयोजनामा उपभोक्ता समितिको शून्य सहभागिता रहेको छ । पालिकाले उपभोक्ता समितिबाट कार्य गराउदा रोजगारी सिर्जना हुने तथा आयोजनाको स्वामित्व र अपनत्व समेत उपभोक्ताकै हुने कार्य मात्र उपभोक्ता समितिबाट गराउनु पर्नेमा सरकारी भवनहरु समेत उपभोक्ता समितिबाट निर्माण गराएको छ । तसर्थ देहायका निर्माण कार्य उपभोक्ता समितिबाट गराउदा उपभोक्ताको शून्य तथा न्यून सहभागिता रहेको देखिएकोले कम सहभागितामा भुक्तानी भएको रु.३३,६८,३३५ नियमसम्मत नदेखिएको रु.

भौ नं मिति	उपभोक्ता समितिको नाम	प्राविधिक मूल्याङ्कन	भुक्तानी रकम	उपभोक्ता समितिको हुनुपर्ने जनश्रमदान	भएको जनश्रमदान	न्यूनतम १० प्रतिशत कायम हुनुपर्ने जनश्रमदान
९६१- ०८१।०३।२४	श्री भक्तेश्वर माध्यामिक विद्यालय भवन निर्माण उपभोक्ता समिति	२०१४८७७.८६	२०१४८७७.८६	२०१४८७.७८	०	२०१४८७.७८
९१८- ०८१।०३।२२	स्वास्थ्य चौकी भवन निर्माण उपभोक्ता समिति	३०५३७५	२९६७६६	३०५३७.५	०	३०५३७.५
९२३- ०८१।०३।२३	महेन्द्र मा.वि. मा शिशु कक्षा सञ्चालन तथा मर्मत सम्भार उपभोक्ता समिति	८८८९२१	७९१९९९	८८९२२	८८९२२	०
८८६- ०८१।०३।२१	४ नं वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति	४५११५९	४४५५००	४५११५.९	०	४५११५.९
८६४- ०८१।०३।२०	असंफ फल्चा निर्माण उपभोक्ता समिति	१००२७९०	१००००००	१००२७९	०	१००२७९
८४९- ०८१।०३।१९	गंश टोल पाटी निर्माण उपभोक्ता समिति	९९५८०७	८८७२६५	१०८५४२	१०८५४२	०
८२५- ०८१।०३।१७	श्री चक्रज्योति माध्यामिक विद्यालय		२५०२०००	२५०२००	०	२५०२००
८३५- ०८१।०३।१८	दछुटोल महादेव मन्दिर निर्माण उपभोक्ता समिति	९६८६००	८३७४०२	१३११९८	१३११९८	०
७९२- ०८१।०३।०६	बुडोल सपिङ्ग कम्प्लेक्स मर्मत उपभोक्ता समिति	९११७१२	९०१८६८	९११७१.२	०	९११७१.२
७७६ र ३९- ०८१।०२।३०	तिरतिरे धारा हरियाली पार्क निर्माण उपभोक्ता समिति	७६१६९९.६७	७४२०००	७६१६९.९७	११६९९	६४४७०.९७
७५०- ०८१।०२।१३	प्रभात आधारभुत विद्यालय	६६०६६९.६१	६४३५००	६६०६६.९६	४४५६	६१६१०.९६
७५१- ०८१।०२।१४	चैतन्य माध्यामिक विद्यालय बनेपा	५०१३५५.३७	४९५०००	५०१३५.५४	६३.७४	५००७१.८
७४०- ०८१।०२।०७	वडा कार्यालय सामुदायिक भवन ट्रष्ट निर्माण उपभोक्ता समिति	१९०१२३६	१९००००००	१९०१२३.६	११६३	१८९८९६०.६
७२०- ०८१।०२।०१	शिक्षा सदन माध्यामिक विद्यालय बनेपा ८	४९६२२३.७६	४९१२६१	४९६२२.३७	०	४९६२२.३७
७२९- ०८१।०२।०३	ग्वासिन्चा कार्कीगाउँ पलाञ्चोक भगवती मन्दिर निर्माण उपभोक्ता समिति	९४०८३९	६९३०००	९४०८९	१२६५१२	०
६८७- ०८१।०१।२७	वडा कार्यालय भवन तला थप निर्माण उपभोक्ता समिति	२५५५६५१	२४७५०००	२५५५६५	५४९२६	२००६३९
६९९- ०८१।०१।२७	बनेपा नगर अस्पताल निर्माण समिति	१४३०१०९	१४१४०९३	१४३०१०	०	१४३०१०
६८०- ०८१।०१।२६	सामुदायिक भवन निर्माण उपभोक्ता समिति	८७१३३३	७९२०००	८७१३३	६९७०६	१७४२७
२००- ०८०।०७।०२	वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति	२०४१३७५	१९८००००	२०४१३७.५	४०४०६	१६३७३१.५
जम्मा						३३६८३३५.५८

अनियमित भएको	३३,६८,३३५

४४ **गत आर्थिक वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्व मध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी २०५ वटा आयोजनाको रु.१९,८९,३९,३६८।२७ भुक्तानी दिएको छ । तसर्थ पालिकाले भुक्तानी दिन बाँकीको विवरण अद्यावधिक गरी म.ले.प.फा.नं. २२१ प्रमाणित गरी बजेटमा समावेश गरी खर्चको भुक्तानी गर्ने प्रणालीको विकास गर्नुपर्दछ ।

४५ **स्वकीय सचिवमा नियुक्ती**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८३(८) अनुसार तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने कुरा उल्लेख छ । पालिकाले मेयर तथा उपमेयरको स्वकीय सचिवको रुपमा २ जना नियुक्ति गरी सहायक पाचौं र चौथोको तलब स्केल बमोजिम हुने गरी सेवा सुविधा भुक्तानी गरी वार्षिक रु.१०,२२,२१६।– खर्च लेखेको छ ।स्वीकृत दरबन्दी नभएको अवस्थामा स्वकीय सचिव नियुक्त गरी भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

४६ **स्वास्थ्य संस्थाको मासिक बैठक**

स्थानीय तहहरुबाट सञ्चालन गरिने स्वास्थ्यतर्फका संघीय अनुदान अन्तर्गतका क्रियाकलापहरु सञ्चालन सम्बन्धी मार्गदर्शन आ.व. २०८०।८१ अनुसार ब.उ.शी.नं. ३७००११०७ पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको मासिक बैठक, स्वास्थ्य कार्यक्रमहरुको डाटा भेरिभिकेसन एवं गुणस्तर सुधार लगायतका कार्यको लागी संघीय सरकारबाट बजेट विनियोजन भई सोही अनुसार कार्यक्रम सञ्चालन भई खर्च लेखेकोमा पालिकाले पनि आफ्नो बजेट किताबमा मासिक स्वास्थ्य केन्द्र प्रमुखको बैठक भत्ता शीर्षकमा बजेट विनियोजन गरी निम्नानुसारका भौ.नं. बाट मासिक बैठक भत्ता भुक्तानी भएको छ । तसर्थ पालिकाले बजेट किताबमा कार्यक्रम समावेश गर्दा कार्यक्रममा दोहोरोपना नहुने गरी त्यसको प्रभावकारितालाई ध्यान दिंदै कार्यक्रम छनोट गर्नुपर्दछ।

भौ. नं ./ मिति	कार्यक्रमको नाम	भुक्तानी रकम
७०८।२०८०।९।१३	मासिक स्वास्थ्य केन्द्र प्रमुख बैठक भत्ता	९७३५०
१८४०।२०८१।३।९		१०१६००
१८५७।२०८१।३।११		२४०००

४७ **कर कट्टी**

आय कर ऐन,२०५८ को दफा ८८ अनुसार पटके आम्दानीमा १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको भौ.नं. बाट खर्च लेख्दा पटके आम्दानीमा १५ प्रतिशतका दरले कर कट्टी नगरी भुक्तानी दिएकोले कर कट्टी बापतको रकम सम्बन्धित व्यक्तिबाट असुल गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

भौ. नं ./ मिति	व्यहोरा	भुक्तानी रकम	कर कट्टी बापत रकम
१३७७। २०८१।१।७	मेयर कप फुटबल प्रतियोगितामा रेफ्री रविन खड्गीको पारिश्रमिक भुक्तानीमा १५ प्रतिशत अग्रिम कर कट्टी नगरेको	१४००००	२१०००

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **२२,२९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	२१,०००

४८ **आमन्त्रित सदस्य संख्या**

अर्थ मन्त्रालयद्वारा जारी कार्य सञ्चालन निर्देशिका,२०७७ को बैठक भत्ताको मापदण्डअन्तर्गत बैठकमा आमन्त्रितको रुपमा थप सदस्य राख्न नपाईने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जनासम्म मात्र आमन्त्रित सदस्यलाई भत्ता दिने सकिने उल्लेख छ ।पालिकाले निम्नानुसारको भौ.नं. बाट विभिन्न समितिको बैठक भत्ता भुक्तानी गरेकोमा ३ जना भन्दा बढी आमन्त्रित सदस्यलाई भत्ता भुक्तान भएको पाईयो । तसर्थ पालिका आगामी दिनमा खर्चमा मितव्ययीता कायम हुने गरी ऐन नियम तथा निर्देशिकाका आधारमा मात्र भत्ता रकम भुक्तानी दिनुपर्दछ।

भौ. नं ./ मिति	बैठकको व्यहोरा	भुक्तानी रकम	बैठक संख्या	समिति सदस्य संख्या	आमन्त्रित सदस्य संख्या
११७३।२०८०।१२।२	बोलपत्र मूल्याङ्कन समितिको बैठक	७७०००	८	५	प्रति बैठक ४ देखि ६ जना सम्म आमन्त्रित
१२०२।२०८०।१२।८	आयोजना जाँचपास समिति	१२००००	११	७	प्रति बैठक ४ देखि ५ जना
८२२।२०८०।१०।१८	करार कर्मचारी पदपूर्ति समिति		३	५	२ वटा बैठक ४ जना र १ वटा बैठकमा ५ जना आमन्त्रित
६७८।२०८०।९।५	औषधी खरिद सम्बन्धी बैठक	२५०००	२	७	४ देखि ७ जना सम्म आमन्त्रित सदस्य

४९ **क्षमता विकास कार्यक्रम**

४९.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सबलीकरण, मूलप्रवाहीकरण जस्ता कार्य गैह्र सरकारी संस्थाबाट गराउँदा छिटो छरितो प्रभावकारी हुने भएमा तोकिए बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गैह्र सरकारी संस्थाबाट गराउन वा सेवा प्राप्त गर्न सकिने र नियमावली २०६४ को नियम ९९ मा त्यस्तो काम गराउनको लागि कामको आवश्यकता, किसिम, समयावधी, कामको गुणस्तर, जनशक्ति, कार्यसञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ ।पालिकाले लक्षित समुदायको क्षमता विकास कार्यक्रम अन्तर्गत राजपत्र अनंकित प्रथम श्रेणी(नायब सुब्बा) र राजपत्रांकित अनंकित द्बितीय श्रेणी(खरिदार) को लोकसेवा आयोगबाट लिईने परीक्षाको लागि तयारी कक्षा सञ्चालन गर्ने कार्यको लागि राइटपाथ प्रा.लि. तारकेश्वर (पान नं. ६०१४५४६३७) सँग मिति २०८०।१।२६ मा सम्झौता गरी गो.भौ.नं. १०७।२०८०।६।५ बाट रु. ८,२३,२०५।–(मू.अ.कर समेत) भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् :

४९.२ • ऐन नियममा उल्लखित व्यवस्था बमजिम खुल्ने गरी लागत अनुमान तयार गरेको छैन ।

• दैनिक कम्तिमा ४० देखि ७० जना सहभागी गराई कक्षा सञ्चालन गरिने उल्लेख भएकोमा सहभागीको हाजिरी पुस्तिकामा सो अनुसार भएको पाईएन ।

• प्रत्येक दिन बिहान ६ बजे देखि ९ बजे सम्म २ सेसन कक्षा र बिदाको दिनमा दिउँसो समेत कक्षा सञ्चालन गरिने उल्लेख भएकोमा सहभागीको उपस्थिति पुस्तिका

परीक्षण गर्दा २०८० जेठ ६ गते र १३ गते मात्र २ सेसन कक्षा सञ्चालन गरेको देखियो ।

• प्रत्येक खण्डको नमूना परीक्षण सञ्चालन गर्ने उल्लेख भएकोमा नमूना प्रश्नपत्र र नमूना रिजल्ट संलग्न गरेको छैन ।

• कक्षा सञ्चालन भएको प्रमाणित कागजात संलग्न गर्नुपर्नेमा गरेको छैन ।

• कार्ययोजना बमोजिम भौतिक रुपमा उपस्थिति गराई प्रथम पत्र दुबै श्रेणीको लागि संयुक्त कक्षा सामान्य ज्ञानको ३० कक्षा, सामान्य बौद्धिक परीक्षणको २० कक्षा र द्बितीय पत्र ना.सु. को ३५ कक्षा र खरिदारको ३५ कक्षा संख्या समेत १२० कक्षा संख्या सञ्चालन गर्नुपर्ने गरी सम्झौता भई कुल भुक्तानी रु. ८,२३,२०५।- हुँदा प्रति कक्षा दर रु. ६८६०।– पर्ने देखिन्छ । तर संस्थाले पेश गरेको सहभागीहरुको कक्षा सञ्चालन भएको निम्नानुसार ३५ दिनको उपस्थिति विवरण बमोजिम प्रति दिन २ कक्षा सञ्चालन गरेको आधारमा जम्मा ३५ दिनमा ७० कक्षा मात्र सञ्चालन भएको देखिएको हुँदा औसत दर रु. ६८६०।– अनुसार रु. ४,८०,२००।– मात्र भक्तानी हुनुपर्नेमा पुस्ट्याई कागजात संलग्न बेगर रु. ८,२३,२०५।– भुक्तानी भएकोले बढी भुक्तानी रु. ३,४३,००५।– देहाय बमोजिम असुल गर्नुपर्ने रु.

कक्षा सञ्चालन भएको महिना	कक्षा सञ्चालन भएका दिनहरु	कक्षा सञ्चालन भएको जम्मा दिन
जेठ २०८०	२०८०।२।२,३,४,५,६ गते(२ कक्षा)	३० दिन
	७,८,९,१०,११,१२,१३,१४,१५,१६,१७,१८,१९,२०,२१,२२,२३,२४,२७,२८,२९,३० र ३२ गते(२ कक्षा)	
असार २०८१	२०८१।३।१,२,३,४ र ५ गते	५ दिन
जम्मा रु.		३५ दिन

असुल गर्नुपर्ने	३,४३,००५

५० **जिन्सी दाखिला**

(✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **११४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५१ **प्रशिक्षण भत्ता**

अर्थ मन्त्रालयद्धारा जारी कार्य सञ्चालन निर्देशिका,२०७७ को बुँदा नं. ७.१.१५ बमोजिम तालिम केन्द्र बाहेक अन्य निकायद्धारा सञ्चालित अधिकृत स्तरको तालिममा प्रशिक्षकलाई कार्यपत्रबापत रु १००० र कक्षा सञ्चालन बापत रु ६०० दिन सकिने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको तालिम कार्यक्रम सञ्चालन गरेबापत प्रशिक्षण भत्ता जम्मा १४ सेसनको प्रति सेसन रु.१६०० का दरले रु.२२४०० भुक्तानी गर्नुपर्नेमा रु.४७६०० भुक्तानी दिई खर्च लेखेकोले निर्देशिकाले तोकेअनुसारले हुने भन्दा देहाय अनुसार बढी भुक्तानी दिएको रकम सम्बन्धित व्यक्तिबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

भौ. नं ./ मिति	कार्यक्रमको नाम	प्रशिक्षकको नाम	तालिम सञ्चालन मिति	तालिम सञ्चालन स्थान	सेसन दर	भुक्तानी हुनुपर्ने	भुक्तानी भएको	बढी भुक्तानी
१४। २०८०। ८।२५	निजी तथा सामुदायिक विद्यालयका किशोरीहरुका लागि मनोविमर्श तथा प्रजनन् स्वास्थ्य सम्बन्धी कार्यक्रम	सुमित्रा चौलागाईं(बाह्य प्रशिक्षक)	२०८०।७।७ र ८ गते	चैतन्य स्कुल	२	३२००	६८००	३६००
			२०८०।७। २० र २२ गते	विद्या सागर स्कुल	२	३२००	६८००	३६००
			२०८०।६। १२ र १४ गते	जनज्योति स्कुल	२	३२००	६८००	३६००
		मनिता धरेल	२०८०।६। १२ र १७ गते	आदर्श विद्या मन्दिर	२	३२००	६८००	३६००
		सम्झना बस्नेत	२०८०।६। १५ र १६ गते	वाग्मती स्कुल	२	३२००	६८००	३६००
२२। २०८०। ९।१६	लैंगिक हिंसा निवारण सम्बन्धी १६ दिने अभियान	रुद्रादेवी शर्मा		नगरपालिकामा	१	१६००	३४००	१८००
		राजेन्द्र नेपाल		नगरपालिकामा	१	१६००	३४००	१८००
२६। २०८०। १०।७	महिला सहकारीको नेतृत्व तथा क्षमता विकास	राज कुमार सापकोटा		नगरपालिकामा	२	३२००	६८००	३६००
जम्मा						२२४०००	४७६००	२५२००

असुल गर्नुपर्ने	२५,२००

५२ **बैठक भत्ता**

नगरकार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ अनुसार नगर कार्यपालिकाको बैठक महिनाको कम्तिमा १ दिन बस्नुपर्ने व्यवस्था रहेको छ र कार्यकारी अधिकृतले कार्यपालिकाको बैठकमा सचिवको रुपमा कार्य गर्नेछ भनि उल्लेख छ ।साथै स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ को ८(क) अनुसार एकै प्रकृतिको समितिको बैठक जतिसुकै पटक बसे पनि मासिक ४ वटा बैठकको भत्ता दिने व्यवस्था उल्लेख छ । सोही अनुरुप पालिकाले यस आर्थिक वर्षमा कार्यपालिकाको बैठक १६ वटा बसेको भनि भत्ता भुक्तान भएकोमा प्रमुख प्रशासकीय अधिकृत भोला प्रसाद चापागाईंले वडा सचिवको रुपमा कार्य गरेकोमा थप प्रशासकीय अधिकृत ध्रुवराज नेपाललाई पनि कार्यपालिकाको बैठकमा समावेश गरी १६ वटा बैठकको भत्ता रु.१३६०० (कर बाहेक) वितरण गरेकोले कार्यपालिका सदस्य (वडा सचिव सहित) को बैठकमा समिति बाहिरी व्यक्तिलाई समावेश गरी भत्ता वितरण गरेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१३,६००

५३ **अन्य निकायको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन.,२०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता,मितव्ययिता र प्रभावकारिताका आधारमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले देहायको भौ.नं. हरुबाट अन्य निकायको खर्च समेत व्यहोरेको पाईयो ।पालिकामा अन्य निकायको यस्तो प्रकृतिको खर्चले थप व्ययभार बढ्दै जाने हुँदा अन्य निकायको खर्चमा नियन्त्रण गर्ने, खर्च नगरी नहुने अवस्थामा अन्य सम्बन्धित निकायबाट पनि यस्तो बजेट विनियोजन भए नभएको यकिन गरी दोहोरो पर्ने लगायतका विषयहरु निरुपण गरेर मात्र अन्य निकायको खर्च व्यहोर्ने नीति अवलम्बन गर्नुपर्दछ ।

भौ. नं ./ मिति	पालिकाले खर्च व्यहोरेको संस्था	खर्च विवरण	भुक्तानी रकम
१६१।२०८०।६।१३	इलाका प्रहरी कार्यलय, बनेपा	नदी कटान नियन्त्रणका लागि ग्याविन जाली खरिद	३२९९९।९५
२५२।२०८०।६।२३	साँगा प्रहरी चौकी	मोटरसाईकल मर्मत	१६२५०
३१८।२०८०।६।२९	चण्डेश्वरी प्रहरी विट	मोटरसाईकल मर्मत	३५९५
४६२।२०८०।७।२०	मालपोत कार्यालय काभ्रे	ईन्धन खर्च	२४६५९.३
८३७।२०८०।१०।९	इलाका प्रहरी कार्यालय	पाईप खरिद	२००००
१४७७।२०८१।१।२३	प्रहरी चौकी साँगा	सवारी साधन मर्मत	१०९००

५४ **परीक्षा व्यवस्थापन**

३४३।०८१।०१।३० : कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.३०२ अन्तर्गत उपक्रियाकलाप नं १५.१ कक्षा-८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण एवम् विद्यार्थी मूल्यांकनका लागि परीक्षा सञ्चालन गर्दा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीसँग शुल्क बापत कुनै रकम नलिने गरी स्थानीय तहले प्रति विद्यार्थी रु. २७५ का दरले खर्च गर्नुपर्ने र बजेट अपुग भएमा स्थानीय तहबाट थप बजेट व्यवस्था गरी उल्लिखित कार्यक्रम कार्यान्वयन गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले इमिस तथ्यांक बमोजिम पालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कक्षा-८ मा अध्ययनरत कुल ४१९ जना विद्यार्थीको प्रति विद्यार्थी रु. २७५ का दरले कुल रु १,१५,२२५/- खर्च गर्नुपर्नेमा रु ३,४९,३८४.७०/- खर्च गरेको पाईएकाले बढी खर्च भएको रु. २,३४,१५९/- संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,३४,१५९

५५ **काभ्रेपलाञ्चोक कृषि महोत्सव**

१८००।२०८१।३।५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० मा तोकिएको बाहेक बजेट शीर्षक र उपशीर्षकमा विनियोजित रकम आर्थिक सहायता वा अनुदानको रुपमा खर्च गर्न नहुने उल्लेख छ । साथै नियम ४१ बमोजिम सरकारी रकम खर्च गर्दा दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण प्रणालीको अनुसरण गरिएको सुनिश्चित भएको यकिन गरी खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले काभ्रे उद्योग वाणिज्य संघलाई फाल्गुन ४ गते देखि ७ गते सम्म हुने वृहत काभ्रेपलाञ्चोक कृषि महोत्सव २०८० लागि रु.२ लाख अनुदान दिएको छ । अत : कार्यालयले नियमावलीमा भएको उल्लेखित व्यवस्थाको पालना नगरी बजेट खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२,००,०००

५६ **स्वतः अवकाश**

निजामती सेवा ऐन, २०४९ को परिच्छेद ६ को दफा ३३ मा ५८ वर्ष उमेर पुरा भएको कर्मचारीले सेवाबाट स्वतः अवकाश पाउने उल्लेख छ । उमेर हदको कारण अवकाश हुनुपर्ने देहायका कर्मचारीलाई अवकाश दिनुपर्नेमा नदिनई सेवालाई निरन्तरता दिएको दिएको देखिन्छ । पालिकाबाट कर्मचारी अवकाश पछिको भुक्तानी भएको तलब भत्ता भुक्तानी गर्न मिल्ने कानूनी आधार देखिदैन । तसर्थ देहाय बमोजिमका कर्मचारीको अनिवार्य अवकाश भएको समय देखि पछि भुक्तानी भएको तलब भत्ता सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

कर्मचारीको नाम	पद	जन्म मिति	स्वतः अवकाश हुने मिति	अवकाश पछि तलब भत्ता भुक्तानी भएको अवधी	मासिक तलब स्केल ग्रेड समेत	विभिन्न कोष समेत जम्मा	जम्मा
ध्रुवराज नेपाल	अधिकृत आठौं	२०२३।२।१६	२०८१।२।१६	२०८० जेष्ठ १७ देखि २०८१ असार ३१ सम्म (१ महिना १४ दिन)	६०११२	७३५२३ (मासिक महङ्गी भत्ता २००० प्रोत्साहन भत्ता ४००० र संचार सुविधा १०००)	१०७८३३.७३
श्याम कृष्ण त्रिपाठी	अधिकृत सातौ	२०२२।१२।८	२०८०।१२।८	२०८० चैत्र ९ गते देखि २०८१ आषाढ ३१ सम्म (३ महिना २२ दिन)	५८०७५	७१२८२.५० (मासिक महङ्गी भत्ता २००० प्रोत्साहन भत्ता ४००० र संचार सुविधा १०००)	२६६१२१.३३
जम्मा							३७३९५५.०६

उल्लेखित कर्मचारीहरु लेखापरीक्षण अवधि सम्म समेत कार्यरत नै रहेको पाइयो । आर्थिक वर्ष २०८१।८२ को समेत भुक्तानी भएको पारिश्रमिक एकिन गरी असूल गर्नुपर्दछ ।

असुल गर्नुपर्ने	३,७३,९५४.३३

५७ **क्वाटर व्यवस्थापन**

(..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१७८,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५८ **सप्लायर्सलाई कर्मचारीद्धारा भुक्तानी**

सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम रु. १ लाख भन्दा बढीको खरिद कार्यमा कोटेशन माग गरी खरिद गर्नुपर्ने तथा भुक्तानी गर्दा आपुर्तकको नाममा सोझै भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका कार्यक्रममा कोटेशन माग गरी सामाग्री खरिद गरेकोमा आपुर्तकलाई भुक्तानी गर्नुपर्नेमा कर्मचारीको नाममा भुक्तानी गरेको छ । पालिकाले ऐनमा भएको व्यवस्था अनुसार खरिद गरी भुक्तानी गर्नुपर्नेमा सो नगरी कर्मचारीको नाममा भुक्तानी गरेको रु.३३६१२२ नियमसम्मत नदेखिएको रु.

गो भौ नं र मिति	कार्यक्रमको नाम	भुक्तानी पाउने कर्मचारीको नाम	सामाग्रीको नाम	आपुर्तकको नाम	रकम रु.
५३०। ०८१। ०३।२१	सबै स्थानीय तहहरुमा क्षयरोग मुक्त स्थानीय तह अभियानका विभिन्न क्रियाकलापहरु	श्री सबिना खत्री क्षत्री	माइक्रोस्कोप, कन्टेनर	नयन मेडिको फर्मा (६००५५२२५५), सोहन मेडिहेल्थ (३०२७५७२३७)	१९६१२२.८०
४६१। ०८१। ०३।१३	सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि कम्तीमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण	श्री विकास रम्तेल	मेसिनरी सामाग्री	एस डि पी ट्रेडर्स(६०६३०१३४९)	१४००००
जम्मा रु.					**३,३६,१२२**

अनियमित भएको	३,३६,१२२

५९ **महंगी भत्ता**

करार सम्झौताद्वारा नियुक्त हुने कर्मचारीको सेवा सुविधा सम्बन्धमा सामान्य प्रशासन मन्त्रालयको च.नं. २१७ मिति २०७४।१।२५ को परिपत्रअनुसार करारका कर्मचारीलाई महंगी भत्ता दिने व्यवस्था नरहेको उल्लेख छ ।पालिकाले करार सम्झौतामा महंगी भत्ता दिने उल्लेख गरी १०६ जना करारका कर्मचारीलाई प्रत्येक कर्मचारीलाई मासिक रु.२००० का दरले वार्षिक रु. २५,४४,००० खर्च लेखेकोले नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२५,४४,०००

६० **उपदान भुक्तानी**

तत्कालीन स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६९(ग) मा स्थानीय निकायको स्वीकृत दरबन्दीको कुनै पदमा एक वर्षभन्दा बढी अवधिसम्म सेवा गरेको स्थानीय निकायको कुनै कर्मचारीले सो सेवालाई अविच्छिन्न राखी सोही पदमा स्थायी नियुक्ती पाएको भए बढुवा प्रयोजनका लागि साबिकमा निजले गरेको सेवा अधिकृत स्तरमा भए ६६ प्रतिशत र सहायक स्तरमा भए ७५ प्रतिशत गणना गरिनेछ भन्ने व्यवस्था रहेको छ । साथै नियम

२६८ मा कर्मचारीले पाउन सक्ने उपदानको दर पनि तोकिदिएको छ । बागमती प्रदेशबाट जारी स्थानीय तहका सेवाको गठन तथा सञ्चालन गर्न बनेको ऐन २०७९ को दफा ८४(१) मा नोकरी अवधि गणना गर्दा कर्मचारीले स्थायी नियुक्ती भई निरन्तर नोकरी गरेको अवधिलाई गणना गर्न सकिने, ८४(३) मा सेवा अवधि गणना गर्ने सम्बन्धमा स्थानीय तहले आवश्यक निर्णय गर्न सक्ने व्यवस्था उल्लेख रहेको छ । बनेपा नगरपालिकाको नगरसभाबाट मिति २०७७।११।०५ स्वीकृत भई मिति २०७८।१०।२७ मा प्रमाणीकरण गरेको राजपत्रमा स्थानीय तहमा सुरुमा ज्यालादारी तथा अस्थायी सेवामा नियुक्त भएका कर्मचारीहरुको सोही अवधिदेखिको समयावधि समेत जोडी तत्कालीन संघीय कानून र हालको प्रदेश कानूनको उपरोक्त व्यवस्था भन्दा फरक हुने गरी सेवा अवधि गणना गरी यो वर्ष लेखापरीक्षणमा प्राप्त विवरण अनुसार देहायका ४ कर्मचारीलाई उपदान भुक्तानी गर्दा संघ र प्रदेश कानूनसँग बाझिने गरी कानून निर्माण गरी सोही अनुरुप ज्यालादारी करार र अस्थायी रुपमा काम गरेको समयावधि समेत गणना गरी रु.२६,२१,७०९ उपदान रकम भुक्तानी गरेको छ । उल्लेखित व्यवस्था बमोजिम भुक्तानी दिनमिल्ने आधार देखिएन । तसर्थ लेखापरीक्षणमा पेश हुना आएको बाहेक अन्य भुक्तानी भएको भए सो समेत एकिन गरी आधार प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

विवरण	स्वीपर मंगल लक्ष्मी मेहत्तर	कार्यालय सहयोगी श्यामकृष्ण श्रेष्ठ	सहायक पाँचौ रत्न श्रेष्ठ	अधिकृत छैठौं रम्भा कायस्थ
ज्यालादारी/अस्थायी नियुक्ती मिति	२०५८।१।१२	२०४२।०८।२०	२०५५।८।२५	२०४८।८।१
स्थायी नियुक्ती मिति	२०६४।१।१	२०५८।२।४	२०६४।१।१	२०५१।५।१
अवकास मिति	२०८०।१०।१०	२०८०।१०।१४	२०८०।९।१७	२०८०।७।६
ज्यालादारी समेत सेवा अवधी	२२ वर्ष ८ महिना २७ दिन	३८ वर्ष १ महिना २३ दिन	२४ वर्ष २२ दिन	३३ वर्ष ११ महिना ४ दिन
स्थायी सेवा अवधी	१६ वर्ष ८ महिना ८ दिन	२२ वर्ष ८ महिना १० दिन	१६ वर्ष ८ महिना १६ दिन	२९ वर्ष २ महिना १५
अवकास बखतको मासिक तलब स्केल	२६९५०	३५०४६	४२८३६	४८०५७
भुक्तानी दिएको उपदान	१२२५७२०	३३४२२६९	२०५६१२८	४०७७६३४
कर कट्टी	३०६४३	८३५५७	५१४०३	१०१९४१
खुद भुक्तानी भुक्तानी	११९५०७७	३२५८७१२	२००४७२५	३९७५६९३
स्थायी अवधी अनुसार हुनुपर्ने भुक्तानी	८८३२८७	१९८८५१०	१४३१५७९	३५०९१२२
स्थायी अवधी बाहेक बढी भुक्तानी	३११७९०	१२७०२०२	५७३१४६	४६६५७१
बढी भुक्तानी कुल जम्मा	**३११७९०**	**१२७०२०२**	**५७३१४६**	**४६६५७१**

प्रमाण पेश नगरेको	२६,२१,७०९

६१ न्यानो झोला कार्यक्रम

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका १ बर्थिङ सेन्टरमा यस वर्ष ५० थानको रु. ४४,९७४ को खरिद गरेकोमा यस वर्ष १४ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ३६ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेसिफिकेशन अनुसार गुणस्तर भएको देखियो । माग र आवश्यकताको आंकलन गरी झोला खरिद गर्नुपर्दछ । आवश्यकता भन्दा बढी परिमाण झोला खरिद गरी लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा समेत ह्रास हुन गई प्रयोग गर्न नमिल्ने अवस्था आउने हुँदा गत विगतको खपतको तथ्यांक आंकलन गरी अधिक मौज्दात नरहने गरी खरिद कार्य गर्नुपर्दछ ।

६२ सेनेटरी प्याड खरिद

पालिका भित्रका सामुदायिक विद्यालयहरुमा अध्ययनरत कक्षा ६ देखि १२ सम्मका छात्राहरुका लागि सेनेटरी प्याड उपलब्ध गराउने कार्यक्रम अनुसार स्थानीय तह शिक्षा शाखामा भएको शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्यांकको आधारमा १८ वटा विद्यालयहरुको खातामा रु.११,५२,००० अनुदान निकासा गरेको छ । सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को व्यवस्था बमोजिम विद्यालयहरुलाई अनुदान दिएको पालिकाले जनाएको छ । उक्त कार्यविधि आर्थिक वर्ष २०७६।७७ सम्मको लागि मात्र लागू हुने उल्लेख छ । तत्पश्चात अन्य कुनै कार्यविधि स्वीकृत भई लागू भएको छैन । विद्यालयले नै खरिद गरी छात्राहरुलाई उपलब्ध गराउने गरी विद्यालयहरुलाई अनुदान दिई कार्यक्रम सञ्चालन गरेकोमा कार्यक्रमको उद्धेश्य अनुसार लक्षित छात्राहरुलाई समयमै तोकिएको गुणस्तर बमोजिम सेवा उपलब्ध भयो भएन, खरिद भण्डारण कार्य मापदण्ड अनुरुप गरिएको छ

छैन आश्वस्त हुने अवस्था विश्लेषण गर्न सकिएन । अनुगमन गरी उपयुक्त प्रतिवेदन लिएको देखिएन । कार्यविधि तयार गरी सोको आधारमा कार्यक्रम सञ्चालन गर्ने र प्रगति प्रतिवेदन तयार गर्ने प्रणाली विकास गर्नुपर्दछ ।

६३ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा स्वीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्यांक अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरीः प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । कामका लागि पारिश्रमिकतामा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को सि.नं ४ अनुसार श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको वार्षिक योजना तर्जुमाका सबै चरण पुरा गरि आयोजना बैंक तयार गरी सोहि आयोजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिको आधारमा कार्यपालिकाको योजना सञ्चालन गर्नुपर्ने हुन्छ । तर पालिकामा आयोजना बैंक तयार नगरी कार्यक्रम सञ्चालन गरेको पाईयो । यस आ वमा पालिका अन्तर्गतका १२ वटा वडामा सञ्चालन भएका आयोजना निम्नानुसार छन् ।

क्र. सं	कार्यक्रम	संख्या	खर्च रकम
१	सिंढी निर्माण तथा बाटो स्तरोन्नति	३	६,५१,१६८।-
२	सार्वजनिक स्थानहरुमा सरसफाई	२४	३२,५५,१६८।-
३	रिचार्ज पोखरी निर्माण	२	३,९९,८४०।-
जम्मा		२९	४३,०६,१७६।-

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस नगरपालिकामा यस आर्थिक वर्षमा जम्मा रु ६६,१२,०००|- रकम व्यवस्था भएकोमा रु ५९,१४,१०९|- करिब ९० प्रतिशत खर्च भएको देखिन्छ । यस मध्ये रु ४३,०६,१७६|- श्रमिकको ज्यालामा खर्च भएको देखिन्छ । यस कार्यक्रमका लागि स्थानीय तहभित्रका वडामा रिचार्ज पोखरी निर्माण ,सिडी निर्माण , बाटो सरसफाई लगायतका कार्यक्रम सञ्चालन गर्न दर्ता गरिएका ३३१ बेरोजगार व्यक्ति मध्ये यस वर्ष ६९ जनालाई जम्मा ६४४२ दिन रोजगारी प्रदान गरेको देखिन्छ ।

६४ **पशु बीमा कार्यक्रम**

लम्पी स्किन जस्ता महामारीका कारण पशुधन मरेर किसानहरुले नोक्सानी व्यहोर्नुपरेको परिस्थिति न्यूनीकरणका लागि नगरपालिका क्षेत्र भित्रका पशुपालक कृषकहरुले पालन गरेको गाईभैंसीको बीमा गर्दा लाग्ने रकममध्ये नेपाल सरकारबाट प्रदान हुने अनुदान बाहेकको शतप्रतिशत रकम नगरपालिकाले व्यहोर्ने गरी सबै गाई, भैंसी, बाख्रा तथा बंगुर र पशुपंछिहरुको आ.व. २०८०।८१ को लागि बीमा गर्ने गराउने कार्यको लागि नगरपालिका र अजोड ईन्सुरेन्स लि. बीच मिति २०८०।९।१२ मा सम्झौता गरी यो वर्ष रु. ४३,३७,८८५।– भुक्तानी दिई खर्च लेखेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

- सम्झौताको बुँदा नं. ७ मा बीमित पशुको मृत्यु भएमा प्रक्रिया पुगेको निवेदकहरुले ५७ दिनमा भुक्तानी गरी सक्नुपर्ने उल्लेख छ । तपसिल अनुसारका कृषकहरुको बीमा कम्पनीबाट A/C PAYEE चेक प्राप्त भएको हालसम्म किसानहरुलाई भुक्तानी भएको पाईएन । सम्झौता बमोजिम देहायका किसानहरुलाई भुक्तानी हुनुपर्दछ ।

क्र.सं.	किसानको नाम	रकम रु.
१	श्री प्याङ्जी तामाङ्ग	९३,०००
२	श्री अरुण वाईबा	१,१०,०००
३	श्री राजन थापा	६३,०००
जम्मा रु.		२,६३,०००

- सम्झौताको बुँदा नं. ९ मा दोस्रो पक्षले पशुको Proforma invoice/ Debit note(बीमा नोट) सहित भुक्तानी माग गरेपछि सो को आधारमा पालिकाले बीमा कम्पनीलाई भुक्तानी गर्ने साथै भुक्तानी भए अनुसारको बीमा लेख ७ दिन भित्रमा पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष ७९३० वटा पशुधन बीमा बापत कम्पनीलाई रु. ४३,३७,८८५।– भुक्तानी गरेकोमा कति पशुधन बापत कति जना किसानलाई कति रकम उपलब्ध गराएको हो सो को बीमा लेख पेश गरेको छैन । सम्झौता बमोजिम अभिलेखको अद्यावधिक विवरण तयार गर्नुपर्दछ ।

अतः अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन । अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी लाभग्राहीको जीवनस्तरमा सुधार आएको मापन गर्न सक्ने पद्धतिको विकास हुनुपर्दछ ।

६५ **सफ्टवेयर खरिद**

६५.१ नेपाल सरकारको सूचना प्रविधि (व्यवस्थापन तथा सञ्चालन)निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्यूतिय प्रणालीबाट सञ्चालन गर्नका लागि सूचना प्रणाली निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गरी सूचना प्रविधि विभागबाट स्वीकृति लिनुपर्दछ । पालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेका भवन निर्माण नक्सापास सम्बन्धी पुराना फाईलहरुको डिजिटाईजेसन गर्ने कार्यका लागी परामर्शदाता नव्या टेक्नोलोजी प्रा.लि. बुद्धनगर काठमाडौं (पान नं. ६०९६७६६६८) सँग मिति २०८०।११।८ मा सम्झौता गरी रु. १९,९४,१११ भुक्तानी गरी खर्च लेखेको छ । यस सम्बन्धमा देहाय अनुसार व्यहोरा देखिएका छन् :

६५.२ (क) दोस्रो पक्षले सम्झौता बमोजिम कार्य सम्पन्न गरी मिति २०८१।१।१३ मा अन्तिम प्रतिवेदन पेश गरेको आधारमा परामर्शदातालाई रु. १९,९४,१११।– भुक्तानी भएको छ । तर, प्रतिवेदन सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा सेवा खरिदको रुपमा दाखिला भएको नदेखिएको हुँदा PAMS मा दाखिला भएको प्रमाण पेश हुनुपर्दछ ।

६५.३ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रु **२२९,४११** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६६ **सफ्टवेयरको स्वीकृति**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यवस्था रहेको छ । स्थानीय तहले सफ्टवेयर खरिद गरी देहाय बमोजिम रु.११,३२,००० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृति लिएको देखिन्छ साथै यी सफ्टवेयरको ब्याक-अप राष्ट्रिय सूचना केन्द्रमा रहेको छ ।

क्र.सं.	सफ्टवेयरको नाम	भुक्तानी पाउने	रकम रु.	कैफियत
१	योजना सफ्टवेयर	बक्सबाईट इंक	४,३५,०००	सबै सफ्टवेयरको ब्याक-अप राष्ट्रिय सूचना केन्द्रमा रहेको ।
२	डिजिटल ईजलास	ईन्फर्मेशन टेक्नोलोजी ब्रिज नेपाल प्रा.लि	२,००,०००	
३	SEYYOS GUIDELINE SOFTWARE	कस्तुरी आईटी होम प्रा.लि	४,९७,०००	
जम्मा			**११,३२,०००**	

६७ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको १ महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । नगरपालिकाले आर्थिक वर्ष २०८०।८१ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण सम्पन्न गरेको प्रतिवेदन पेश भएको छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा पेश्की बाँकीको लगती र अन्य सैद्धान्तिक व्यहोराहरु प्रारम्भिक प्रतिवेदनको अन्य दफामा समावेश गरिएको छ ।

६८ **जिन्सी व्यवस्थापन**

६८.१ **PAMS मा नचढाएको** - कार्यालयले खरिद गरेका सबै सामान तोकिए अनुसार PAMS(Public Assets Management System) मा अभिलेख जनाई आवश्यकता अनुसार खर्च लेख्नुपर्दछ । पालिकाले केन्द्रबाट खरिद गरिएका सामानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली लागू गरी यस वर्षबाट जिन्सी व्यवस्थापन सुरु गरेतापनि पूर्ण रुपमा PAMS मा चढाएको पाईएन । त्यसैगरी वडा कार्यालयहरुबाट खरिदको दाखिलाहरु समेत PAMS मा नचढाएको कारण पालिकाभरिको सम्पूर्ण सार्वजनिक सम्पत्ति तथा सोको मौद्रिक मूल्य सम्बन्धमा यकिन गर्न सकिएन । नेपाल सरकारको २०७७ कार्त्तिक २० गतेको निर्णय अनुसार सबै तहको सरकारी कार्यालयको सार्वजनिक कोषको खर्चमा वित्तीय पारदर्शिता र जवाफदेहिता साथै विद्युतीय सुशासन कायम

गरी सेवा प्रवाहमा चुस्तता, गुणस्तरीयता र प्रभावकारिता कायम गर्न यो सफ्टवेयर ३ वटै सरकारले लागू गर्नुपर्ने उल्लेख गरेकोमा पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली(PAMS) वडाहरुबाट खरिद हुने सामानको हकमा लागू गरेको नपाईएकाले पालिकाले खरिद गरेका वस्तु तथा सेवाको अभिलेख तथा संरक्षण सही तथा यथार्थ छ भन्नेमा पूण रुपमा विश्वस्त हुन सक्ने अवस्था भएन । पालिका केन्द्र तथा वडाहरुबाट खरिद भएका सम्पूर्ण वस्तु तथा सेवा समेत चढाउने यस प्रणालीको पूर्ण रुपमा लागू गरी सम्पत्तिको अभिलेख तथा संरक्षण गर्नुपर्दछ ।

६८.२ **जिन्सी लिलाम तथा मिन्हा** - आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ उपनियम ३ तथा ४ बमोजिमको जिन्सी मालसामानको मर्मत सम्भार, संरक्षण र लिलाम गर्ने व्यवस्था रहेको छ । पालिकाले गत विगत वर्ष देखि नै नियमावलीमा उल्लिखित व्यवस्था बमोजिम लिलाम बिक्री तथा मिन्हा सम्बन्धी कारबाही गरेको छैन । जिन्सी मालसामान तथा सम्पत्तिको निरीक्षण गरी जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त गरी सरकारी सम्पत्तिको संरक्षण, मर्मत सम्भार, लिलाम बिक्री वा मिन्हा गर्नुपर्ने देखिन्छ । सोही बमोजिम कारबाहीका प्रक्रिया अगाडि बढाउने निर्णय गर्नुपर्दछ ।

६९ **जात्रा तथा पर्व खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार वितरणमूखी खर्च नियन्त्रण गर्ने पूर्वाधार निर्माण तथा दीर्घकालीन पूँजी निर्माण हुने क्षेत्रमा मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । साथै उक्त ऐनले व्यक्ति, संस्था, समूह, पर्व, जात्रा, यात्रा, संस्कृति लगायतमा आर्थिक सहायता दिन मिल्ने तथा व्यवस्थापन खर्चमा रु ३७ लाख बजेट विनियोजन गरिएकोमा गत वर्षको समेत रु.६०,७६,६५५ भुक्तानी गरेको छ । पालिका भरिका पुरातात्विक महत्व बोकेका माता चण्डेश्वरी मन्दिर लगायत साना ठूला मठ मन्दिर र त्यसमा लाग्ने जात्रा पर्व सञ्चालन खर्चको व्यक्ति विशेषलाई पेश्की दिने निजले खर्च गरी पेश गरेको बिल भरपाईको आधारमा पेश्की फर्छयौट गर्ने भुक्तानी गर्ने खर्च लेख्ने गरेको देखियो । कुन-कुन समयमा कुन धार्मिक तथा साँस्कृतिक स्थलमा जात्रा पर्व लाग्ने गर्दछ, तिर्थालु भक्तजनलाई पालिकाले के-कस्तो सुविधा उपलब्ध गराउनुपर्ने हो, संस्कृति जगेर्ना गर्न पालिकाले के-कस्तो कार्य गर्नुपर्ने हो, कार्यविधि तथा मापदण्ड बनाई सम्बन्धित संघ-संस्था व्यवस्थापन समिति मार्फत गर्ने र प्रतिवेदन लिने गरी भुक्तानी व्यवस्था मिलाईनुपर्दछ ।

७० **पेश्की बाँकीको विवरण**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछ्यौंट गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न प्रयोजनको लागि निम्नानुसारका व्यक्ति, फर्म र संस्थालाई दिएको म्याद नाघेको पेश्की रु.७५,६२,६०२ आर्थिक वर्षको अन्त्यसम्म पनि फछ्यौंट नभई पेश्की बाँकी देखिएकोले नियमानुसार फछ्यौंट गर्नुपर्ने रु.

सि नं.	पेश्की लिएको मिति	गो भौ नं.	पेश्कीको विवरण	पेश्की लिने व्यक्ति, फर्म वा कम्पनीको नाम	चालु आ व	
					म्याद ननाघेको	म्याद नाघेको
कर्मचारी						
१	२०८०। ०७।०१	३५०	विविध खर्च	ईश्वर मान रन्जित	०	१५०००
२	२०८०। ०७।०१	३५०	विविध खर्च	ईश्वर जि सी	०	७०००
३	२०८०। ०७।०१	३५०	विविध खर्च	उमेश पराजुली	०	७०००
४	२०८०। ०७।०१	३५०	विविध खर्च	कृष्ण सुवाल	०	७०००
५	२०८०। ०७।०१	३५०	विविध खर्च	किशोर के सी	०	७०००
६	२०८०। ०७।०१	३५०	विविध खर्च	पकन लाल पाँडे	०	७०००
७	२०८०। ०७।०१	३५०	विविध खर्च	विश्वनाथ भोछिभो	०	७०००
८	२०८०। ०७।०१	३५०	विविध खर्च	रोहित श्रेष्ठ	०	७०००
९	२०८०। ०७।०१	३५०	विविध खर्च	बिकु लाल डङ्गोल	०	७०००
१०	२०८०। ०७।०१	३५०	विविध खर्च	सुमन रन्जितकार	०	७०००
११	२०८०। ०७।०१	३६८	विविध खर्च	सुरेन्द्र कुमार श्रेष्ठ	०	७०००
१२	२०८०। ०८।१२	५४४	गाडी, जेटिङ मेसिन, टिपर, ट्र्याक्टर, बिमा तथा ब्लुबुक नवीकरण	सुरेन्द्र कुमार श्रेष्ठ	०	३००००
१३	२०८१। ०१।१२	३१२	स्थानीय तहतर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसञ्चार, न्यानो झोला, निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम	अञ्जु खड्का के.सी	०	१०००००
१४	२०८१। ०१।३०	८१	वडा महिला जनप्रतिनिधिसँग महिला कार्यक्रम	विमल सुनार	०	१०००००
१५	२०८१। ०२।१४	१६२४	अनुगमन, मूल्यांकन खर्च	दिपक प्रजापति	०	१७५०००
	संस्थागत					
१	२०८०। १०।०७	३८२	जनज्योति मा वि शिक्षा सुधार	जनज्योति मा वि	०	३०००००
२	२०८०। १०।२९	१९६	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	चैतन्य मा वि बनेपा	०	६५००००
३	२०८०। १०।२९	१९६	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	नैमिषारण्य संस्कृत गुरुकुलम्	०	६५००००

४	२०८०।१०।२९	१९६	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	प्रभात आधारभूत विद्यालय	०	६५००००
५	२०८०।१०।२९	१९६	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	भक्तेश्वर नि मा वि	०	६५००००
६	२०८०।१०।२९	१९६	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	चक्रज्योति मा वि	०	६५००००
७	२०८०।१०।२९	१९६	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	शुभचामुण्डा मा वि बनेपा ३	०	६५००००
८	२०८०।१२।१३	१२३९	सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिम	स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान	०	१७५०००
९	२०८१।०१।१३	३३	मेलमिलाप सम्बन्धी आधारभूत तालिम	स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान	०	१८५८९०
१०	२०८१।०१।१३	३३	जनप्रतिनिधिहरुका लागि कानून सम्बन्धी तालिम	स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान	०	३०००००
११	२०८१।०१।२०	७६	महिला पत्रकारको क्षमता अभिवृद्धि, मनोविमर्श	सञ्चारिका समूह नेपाल	०	१०००००
	उपभोक्ता समिति					
१	२०८०।०८।१३	८	बाजे बज्यै पार्क	कृषि मार्ग संरक्षण उपभोक्ता समिति	०	६४००००
२	२०८०।०९।१३	३३३	उग्रतारा मार्गको तल्लो भञ्ज्याङमा वाल निर्माण स्तरोन्नति	उग्रतारा मार्गको तल्लो भञ्ज्याङ वाल निर्माण उपभोक्ता समिति	०	१६००००
३	२०८०।१०।११	४१७	हिमालय मार्ग बस्नेत गाउँ मोटर बाटो	हिमालय मार्ग बस्नेत गाउँ सडक निर्माणः उपभोक्ता समिति	०	६४००००
४	२०८०।१०।२५	१९	असफल पाटी निर्माण	असंफ फल्चा निर्माण उपभोक्ता समिति	०	१६००००
५	२०८०।११।०९	२६	सपनेश्वर मन्दिर निर्माण	ठूलो धारा घाटेपाटी उपभोक्ता समिति	०	१६००००
६	२०८०।११।०९	५३०	सामुदायिक भवन स्तरोन्नति काक्राबारी	काक्राबारी सामुदायिक भवन स्तरोन्नति उपभोक्ता समिति	०	९६०००
७	२०८०।१२।२१	६४६	निकास तामाङ बस्ती सडक मर्मत	निकास तामाङ बस्ती सडक निर्माण उपभोक्ता समिति	०	९६०००
८	२०८०।१२।२३	१२७८	चाड-पर्व, जात्रा सञ्चालन तथा व्यवस्थापन खर्च	चण्डेश्वरी ख गुठी भवन निर्माण उपभोक्ता समिति	०	१५९७२०
जम्मा रु.					०	७५६२६१०
					पेश्की	७५,६२,६१०

७१ **लाभग्राहीको लगत अद्यावधिक**

पालिकाभित्र सञ्चालन गरिने वार्षिक कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु र सेवा प्रवाहसम्बन्धी लगायत सबै प्रकारका कार्यक्रम सञ्चालनको लागि निर्दिष्ट गरिएका नीति, ऐन, कानून, निर्देशिका, कार्यविधि एवं निर्णय बमोजिम सम्पन्न गरी गैह्र तथ्याङ्क र तथ्याङ्कसहितको प्रगति प्रतिवेदन बनाई अभिलेख अद्यावधिक र व्यवस्थित गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा ५०४८ जना लाभग्राहीको सामाजिक सुरक्षा बापत रु.२०,१२,८६,८९३.९६ खर्च लेखेकोमा देहायानुसार व्यहोरा देखिएका छन् :

- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी वर्षमा पनि भत्ता लिन चाहेमा प्रत्येक आ.व. को कार्तिक मसान्तभित्र अनुसूची (२) बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा लाभग्राहीबाट दरखास्त लिने गरेको देखिएन ।
- कार्यविधिको दफा २७ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण गर्न स्थानीय समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा समिति गठन भएको र मूल्याङ्कनको कार्य भएको देखिएन ।
- कार्यविधिको दफा ३१ मा भत्ता प्राप्त गर्नेहरुको विवरण स्थानीय सभामा पेश गर्नुपर्ने र खर्चको समीक्षा समेत गर्नुपर्ने भन्ने व्यवस्था रहेकोमा पालिकाले लाभग्राहीहरुको विवरण सभामा पेश गरी समीक्षा गरेको देखिएन ।
- सोही कार्यविधिको दफा ३२ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम/नामेसी स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने तथा वडा कार्यालयहरुले समेत सार्वजनिक गरी राख्नुपर्नेमा दफा (३४) बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्बोधन गर्नुपर्ने उल्लेख भएकोमा वेभसाइटमा राख्ने तथा सार्वजनिक सुनुवाई गरेको देखिएन ।

तसर्थ: कार्यविधिमा भएको व्यवस्था बमोजिम लाभग्राहीहरु दर्ता, नविकरण, लगतकट्टा समेतको अद्यावधिक अभिलेख तयार गरी सार्वजनिकीकरण गर्नुपर्दछ ।

७२ सामाजिक सुरक्षा तर्फ

७२.१ **सामाजिक सुरक्षा तथा संरक्षण** - पालिकाले यस वर्ष सामाजिक सुरक्षा भत्ता वितरणको विवरण (अनुसूची ६) बमोजिम विभिन्न प्रकारका ५०६० जना लाभग्राहीहरुको खातामा रु.२०,१६,३७,१९३ भत्ता जम्मा हुने गरी बैंकलाई फरवार्ड फिड पठाएको र सोही आधारमा बैंक नगदी कितावमा खर्च लेखेकोमा बैंकहरुले सम्बन्धित लाभग्राहीहरुको खातामा रु.२०,१३,९०,५१८ जम्मा गरी बाँकी रकम रु.३,५०,२९९।४४ सञ्चित कोषमा फिर्ता दाखिला गरेको प्रमाण पेश गरेको छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् :

क) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७७ को दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा वा ऐन नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराई सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनुपर्ने, लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगात कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ । साथै दफा १५(२)मा भत्ता खाईपाई आएको कुनै व्यक्तिको मृत्यु भएको दिन सम्मको भत्ता मृतकको नजिकको हकवालालाई भुक्तानी दिने भनि उल्लेख छ । देहायका लाभग्राहीको खातामा लगत कट्टा भैसकेको मिति भन्दा पछिल्लो त्रैमासिक अवधीको समेत देहाय अनुसार लाभग्राहीको खातामा रु.१,७६,००० पठाएको देखिएकोले खाता निष्कृय भई बैंकबाट फिर्ता भएको विवरणसँग कार्यालयबाट नै यकिन गरी विवरण पेश हुनुपर्दछ ।

क्र.सं.		परिचयपत्र नं.	लाभग्राहीको नाम	वडा नं.	लगत कट्टा लागु हुनुपर्ने मिति	लगत कट्टा गरेको लागु भएको मिति	बढी भुक्तानी अवधी	बढी भुक्तानी रकम
१	२००९१२	१९२६१८१	कृष्ण बहादुर पोडे	९	२०८०।६।७	२०८०।९।६	३	१२०००
२	२००२१	२३१४४५८४	कृष्ण गोपाल श्रेष्ठ	८	२०८०।५।१६	२०८०।९।६	३	१२०००
३	२०१११०	९११०१९१३	सेती तामाङ	१४	२०८०।१।४	२०८०।१।४	९	३६०००
४	२००९०६	९११०१५२५	चन्द्र प्रसाद मानन्धार	८	२०८०।१२।१६		३	१२०००
५	१९९११२	२३०२४१३४	न्हुछे मानन्धार वखुं	८	२०८०।११।४	२०८१।८।१७	१२	४८०००
६	२००४०	८१४००१०३	निर्मला तिमिल्सिना	९	२०८०।४।७		३	१२०००
७	१९९६०	८०९००११९	मेघनी प्रसाद दाहाल	४	२०८०।७।११	२०८०।७।११	३	१२०००
८	१९९६०	३०४००२६९	मिठाई श्रेष्ठ	४	२०८०।७।४	२०८०।१२।१३	३	१२०००
९	१९९०१२	३०३२०१४	पूर्ण माया श्रेष्ठ	७	२०८०।३।६		३	१२०००
१०	२०१६१२	१००६३४४	गोकुल मान श्रेष्ठ	४	२०८१।१।२६		२	८०००
जम्मा								**१७६०००**

प्रमाण पेश नगरेको	१,७६,०००

७२.२ **लाभग्राहीको खातामा गत विगतको मौज्दात** : नेपाल सरकारले बैंकिङ्ग प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ अनुसार एक व्यक्ति एक बैंक खाता हुनुपर्ने र पालिकाहरुले forward feed(excel sheet) मार्फत बैंकहरुलाई सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुले पाउने रकम तोकी खातामा राखिदिने शर्तमा पठाउने गरेको थियो । यसरी पठाएको रकम सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७२ र २०७५ अनुसार कुनै पनि लाभग्राहीले आफ्नो सामाजिक सुरक्षा भत्ता जुन आर्थिक वर्षको हो सोही आर्थिक वर्षभित्र बुझिलिनुपर्ने व्यवस्था रहेकोमा हाल नगरपालिकाले आ व २०८०।८१ देखि piloting को रुपमा EFT प्रणाली मार्फत भत्ता वितरण व्यवस्था मिलाएको देखियो । तर, यस भन्दा अगाडिको forward feed प्रणालीबाट चक मार्फत बैंकलाई लाभग्राहीहरुको खाता मार्फत भुक्तानी गर्न excel sheet पठाएको रकम गत विगत वर्षहरुको भत्ता रकम सम्बन्धित आ व भित्रमा बुझिसक्नुपर्नेमा केही लाभग्राहीहरुको रकम बाँकी रहेको भन्ने सूचनाको आधारमा नगरपालिकाले देहाय अनुसार विवरण माग गरी पत्राचार गरेकोमा २ वटा बैंकबाट प्राप्त विवरण अनुसार ५७ जना लाभग्राहीहरुको न्यूनतम रु. ३,७००/- देखि अधिकतम रु. ३,३५,०००/- गरी रु. ४३,३४,४१५.०४/- लामो समयदेखि लाभग्राही खातामा रहेको देखियो ।

७२.३ **लाभग्राहीको खातामा रकम रहनुका कारणहरु** :

 KYC Update नभएको,
 नगरपालिकाले excel sheet मा इमेल पठाएको तर reverse feed मा upload नगरेको,
 सम्पर्कविहिन व्यक्तिहरुको सामाजिक सुरक्षा परिचय पत्रमा नभएकाहरुको रकम सामाजिक सुरक्षा (विशेष) बचत खातामा रहेको,
 सुरुमा Dummy account खोली सुरक्षा भत्ता जम्मा गरिने भएकाले खाता सञ्चालन नभई लाभग्राहीको मृत्यु हुनु,
 कुनै-कुनै लाभग्राही परिवारको एक्लो हुनु, मृत्युपश्चात मृत्यु दर्ता सूचक नहुनु र बैंकको भत्ता दाबी नगर्नु,
 स्थायी ठेगाना भन्दा अन्यत्र बढी बसोबास गर्नाले जनप्रतिनिधिले लाभग्राहीको स्थिति यकिन गर्न नसक्नु,
 बैंकिङ्ग प्रणालीको सुरुवाती चरणमा शत प्रतिशत लाभग्राहीको भत्ता नविकरण नहुनु,
 मृत्यु भएको जानकारी सम्बन्धित निकायलाई पछि हुनु, समयमै लगत कट्टा नुहुनु,
 VERSP-MIS प्रणालीमा एकै व्यक्तिको नाम दोहोरो दर्ता भई दोहोरो रुपमा Dummy A/C सञ्चालन हुनु, दुबै खातामा भत्ता रकम जम्मा हुनु,
 व्यक्तिगत घटना दर्तामा मृत्यु दर्ता गर्दा सामाजिक सुरक्षा लाभग्राहीको स्वत : लगत कट्टा हुने प्रणाली भएतापनि पूर्ण रुपमा कार्य नगर्नु(लगत कट्टा भईसकेको अवस्थामा समेत बैंकमा रकम जम्मा भइरहनु) लगायत कारण रहेका छन् ।

७२.४ अत : सामाजिक सुरक्षा वितरण कार्यविधि, २०७७ को उल्लिखित व्यवस्था बमोजिम सम्बन्धित बैंकहरुले आर्थिक वर्ष भित्र लाभग्राहीहरुले नबुझी खातामा बाँकी रहेको रकम ९ वटा बैंकहरु मध्ये २ वटा बैंकको मात्र विवरण प्राप्त भएको छ भने अन्य बैंकमा बाँकी रहेको रकम सम्बन्धमा पालिकाले छानविन तथा एकिन गर्नुपर्दछ । दुई वटा बैंकमा बाँकी रहेको देहाय बमोजिमको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

क्र सं.	बैंकको नाम	मौज्दात रकम	कैफियत
१	श्री लक्ष्मी सनराईज बैंक लिमिटेड	१८,५५,०४०.२४	KYC Update नभएका २२ जना लाभग्राहीको बाँकी ।
२	श्री लक्ष्मी सनराईज बैंक लिमिटेड	२०,७२,४४८.८०	चार किस्ता मध्ये कुनै कारोबार नभएका २३ जना लाभग्राहीको बाँकी ।
३	श्री प्राईम बैंक लिमिटेड	४,०६,९२६	KYC Update नभएका १२ जना लाभग्राहीको बाँकी ।
जम्मा		**४३,३४,४१५.०४**	

प्रमाण पेश नगरेको	४३,३४,४१५

संपरीक्षणबाट थप भएको बेरूजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड, २०७८ को दफा ११(३) बमोजिम सरकारी वा आफ्नो निजी आवास प्रयोग गर्ने पदाधिकारीले आवास सुविधा वापतको रकम लिन नपाउने व्यवस्था रहेको छ र त्यस्तो रकम लिएको भए निजबाट सरकारी बाँकी सरह असुल उपर गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको मिति २०७७ श्रावण २२ गतेको कार्यपालिकाको बैठकअनुसार मिति २०७७ असार १ गतेबाट लागु हुने गरी प्रमुख प्रशासकीय अधिकृतलाई मासिक रु. १६५०० आवास सुविधा उपलब्ध गराउने निर्णय भएको छ । आ.व. २०८०।८१ मा प्रमुख प्रशासकीय अधिकृतलाई क्वाटर व्यवस्थापनको लागि पालिकाले घरधनीसँग सम्झौता गरी सम्झौता बमोजिमको भुक्तानी रकम घरधनीको नाममा भुक्तानी गर्नुपर्नेमा यस पालिकाबाट घरभाडा सम्झौता नभै सोझै प्रमुख प्रशासकीय अधिकृत को खातामा रकम भुक्तानी भएको देखिन्छ । बजेट किताबमा प्रमुख प्रशासकीय अधिकृतको क्वाटर व्यवस्थापन शीर्षक अन्तर्गत बजेट विनियोजन गरी उक्त विनियोजित बजेटबाट मासिक आवास सुविधा बापत रु. १६५०० का दरले वार्षिक रु.१,९८,०००।– मा भाडा कर कट्टी गरी बाँकी रु. १,७८,२००।- प्रमुख प्रशासकीय अधिकृतको खातामा भुक्तानी भएको पाईएकोले घरभाडा सम्झौता वेगर प्रमुख प्रशासकीय अधिकृतलाई भुक्तानी भएको आवास सुविधाबापतको नियमसम्मत नदेखिएको रु.</td><td>१,७८,२००</td></tr>
<tr><td>२</td><td>बहाल रकम- बनेपा नगरपालिकाको आन्तरिक आय संकलन तथा आय (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७७ को दफा ६ मा नगरपालिकाले आन्तरिक आय उठाउने कार्यको ठेक्का बन्दोबस्त गर्दा असुल गर्नुपर्ने किस्ताको अंक निर्धारण, ठेक्का सम्बन्धी सूचना, बोलपत्रमा उल्लिखित असुली कार्यतालिका र अन्य शर्तहरु कार्यविधिको अनुसूची १ र २ मा उल्लेख भए बमोजिम हुने र दफा ८ मा नगरपालिकाले विभिन्न कारणबाट असुल हुन नसकी बाँकी रहेको बक्यौता रकम असुल गर्न बक्यौता असुली कार्ययोजना बनाई रकम असुल उपर गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले आफ्नो क्षेत्र भित्र पर्ने स्वामित्वमा रहेका विभिन्न भवन, पसल तथा सटर कवल, सपिङ कम्प्लेक्स, ग्यारेज भवनबाट बहाल उठाउने र शौचालय दस्तुर उठाउने सम्बन्धी कार्यका लागि देहाय अनुसार विभिन व्यक्तिहरुसँग ठेक्का सम्झौता गरेको छ । सम्झौताको बुँदा नं ४ मा दोश्रो पक्षले बहाल सम्झौताका क्रममा दाखिला गरेको १ महिना बराबरको रकम कार्यक्षेत्र भएको मितिले १ महिनाको लागि हुने र प्रत्येक महिनाको बहाल बुझाउनुपर्ने र यसरी बहाल बुझाउँदा अघिल्लो महिनाको बहाल भुक्तानी पछिल्लो महिना सुरु भएको ७ दिन भित्र बुझाउनुपर्ने उल्लेख भएकोमा सम्झौताको शर्त बमोजिम बहाल असुल हुनुपर्नेमा नभई बक्यौता रहेको देखिएकोले देहाय बमोजिम ठेक्का सम्झौता गर्ने दोश्रो पक्षबाट बहाल रकम असुल हुनुपर्ने रु.
<table>
<tr><th>ठेक्का नं</th><th>सटर कबलको क्षेत्र</th><th>बोलपत्रदाता</th><th>कबोल अंक रु. (मासिक)</th><th>सम्झौता मिति</th><th>अवधी</th><th>२०८१ असार सम्म असुल हुनुपर्ने रु.</th><th>२०८१ असार सम्म असुल भएको रु.</th><th>असुल हुन बाँकी रु.</th></tr>
<tr><td>रा.५। २०७८। ७९</td><td>पुरानो सपिङ कम्प्लेक्स ब्लक ख</td><td>श्री रोहित श्रेष्ठ बनेपा-८</td><td>६७१२२६</td><td>२०७९।०८।२३ (कार्यादेश ३५ दिन कटाएर)</td><td>१८ महिना ३ दिन</td><td>१२१४९१९०</td><td>६०४६०३०</td><td>६१०३१६०</td></tr>
<tr><td>रा.६। २०७८। ७९</td><td>नयाँ सपिङ कम्प्लेक्स पूर्वतर्फ ब्लक ग</td><td>श्री राधेश्याम काफ्ले बनेपा-८</td><td>३३५१००</td><td>२०७९।०८।२३ (कार्यादेश २०८०। ०८।२७)</td><td>१८ महिना ३ दिन</td><td>६०६५३१०</td><td>१३४०४००</td><td>४७२४९१०</td></tr>
<tr><td>रा.७। २०७८। ७९</td><td>नयाँ सपिङ कम्प्लेक्स पश्चिमतर्फ ब्लक घ</td><td>श्री मनिषा बडाल मंगलटार-५</td><td>१८२२२२</td><td>२०७९।१०।१७ (कार्यादेश ३५ दिन कटाएर)</td><td>१६ महिना ९ दिन</td><td>२९७०२१९</td><td>१८२२२२</td><td>२७८७९९७</td></tr>
<tr><td>रा.८। २०७८। ७९</td><td>साबिक ६ नं वडा कार्यालय भवन पछाडिको पूर्वतर्फको सटर ब्लक ङ</td><td>श्री रोहित श्रेष्ठ बनेपा-८</td><td>२५१२५</td><td>२०७९।१०। १७(कार्यादेश ३५ दिन कटाएर)</td><td>४ वर्ष</td><td>४०९५३८</td><td>१७५८७५</td><td>२३३६६३</td></tr>
<tr><td>रा.९। २०७८। ७९</td><td>बसपार्क भित्रको ग्यारेज भवन ब्लक च</td><td>श्री दोर्जे ह्युल्सा जे.भि तेमाल-४</td><td>१०१११११</td><td>२०७९।०८।२३ (कार्यादेश ३५ दिन कटाएर)</td><td>१८ महिना ३ दिन</td><td>१८३०१०९</td><td>१०११११</td><td>१७२८९९८</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>२३४२४३६६</td><td>७८४५६३८</td><td>१५५७८७२८</td></tr>
</table></td><td>०</td></tr>
<tr><td>३</td><td>सम्पत्ति कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ अनुसार बनेपा नगरपालिकाको क्षेत्रभित्रका घर र जग्गामा सम्पत्ति कर लगाइ असुल गर्नुपर्ने व्यवस्था उल्लेख छ । नगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेका ठूला करदाताहरुको पहिचान गरी तिनीहरुलाई करको दायरामा ल्याउन थप प्रयत्न गर्नुपर्ने देखिन्छ । पालिका भित्र रहेका एउटै व्यक्ति, संस्था तथा व्यापारिक भवनहरु दुई वा सो भन्दा बढी वडामा रहेको अवस्थामा एकिकृत रुपमा एउटै User ID बनाई एकिकृत रुपमा गणना गर्नुपर्नेमा सो नगरी छुट्टाछुट्टै User ID Crate गरी कर तिर्ने गरेको देखिन्छ । पालिका भित्र रहेका संरचनाहरुको विवरण अद्यावधिक नगरी पुरानै संरचना र जग्गाको कर तिर्दै आएको देखिन्छ । उल्लेखित करदातालाई समेत करको दायरामा ल्याई लेखापरीक्षणको क्रममा पेश भएका स्रेस्ता कागजात तथा नमूना छनौटका आधारमा अनुसूची -२ मा उल्लेख भयानुसारको रु.१,०५,२०,२१९ सम्पत्ति कर असुल गर्नुपर्दछ ।</td><td>०</td></tr>
</table>

क्र.सं.	बेरुजुको विवरण											रकम
	क्र.स.	वडा नं	करदाताको नाम	कर तिर्न बाँकी आर्थिक वर्ष	जग्गाको कायम मूल्य	संरचनाको कायम मूल्य	कुल सम्पत्ति	तिर्नुपर्ने कर	तिरेको कर	असुल गर्नुपर्ने कर	कैफियत	
	१.	८	सुर्यभक्त श्रेष्ठ (करदाता संकेत नं १००००००२५०८)	२०७८।७९ देखि २०८०।८१ सम्म	४३२०७३३	१४२७०५३८	१८५९१२७१	९८८८४	०	९८८८४		
	२.	६	आगन्तुक रिसोर्ट प्रा लि (करदाता संकेत नं १०००००७११८)	२०८०।८१ को	७०३६१४७	४९६४६१२३	५६७८२२७०	९९७३७	०	९९७३७		
	३.	१३	नेपाल पुलिस स्कुल (करदाता संकेत नं ३४०४९०१३२४७)	२०७४।०७५ देखि २०८०।८१ सम्म	३५१७२२४९	२०४९४७८१६	२४०१२००६५	३५४४९५५	०	३५४४९५५	यस विद्यालयले स्थापनाकाल देखि नै सम्पत्ती कर नतिरेको भएता पनि आर्थिक वर्ष २०७४।७५ देखि मात्र कायम गरिएको ।	
	४.	१३	दिपेन्द्र प्रहरी स्कुल (करदाता संकेत नं १३००१२९३६)	२०७४।०७५ देखि २०८०।८१ सम्म				२४१३६६६		२४१३६६६	भूमिगत मालपोत कर ।	
	५.	१३	प्रहरी कल्याण केन्द्र (करदाता संकेत नं १३००१२९३४)	२०७४।०७५ देखि २०८०।८१ सम्म				९८८४४७		९८८४४७		
	६.	११	काभ्रे बहुमुखी (करदाता संकेत नं १०००००४५२४)	२०५७।५८ देखि २०८०।८१ सम्म	११२१००२२२	६०१७१८२२	१७२२७२०४४	३१०९४४८		३१०९४४८		
	७.	१	शिर मेमोरियल हस्पिटल (करदाता संकेत नं १००००११०४४)	२०५७।५८ देखि २०८०।	२५५००००	८८९८७५०	११६४८७५०	१७९०९२		१७९०९२		

क्र.सं.						बेरुजुको विवरण						रकम
				८१ सम्म								
	८.	८	ग्लेसियर एजुकेशनल फाउण्डेशन प्रा लि (करदाता संकेत नं ३४०४५१५)	२०८०।८१	१३०७३०८२	५३१०५१२४	६६१७८२१०	८५९९०		८५९९०		
	जम्मा									१०५२०२१९		

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : बनेपा नगरपालिका, काभ्रेपलाञ्चोक , बनेपा नगरपालीका , काभ्रेपलाञ्चोक

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	शिव प्रसाद हुमेगाई	२०७९-५-२९	२०८०-४-२२
कार्यालय प्रमुख	भोला प्रसाद चापागाई	२०८०-५-२९	हाल सम्म कार्यरत
लेखा प्रमुख	बिनोद हुमागाई	२०७९-१२-२१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२७,६८८,३४०.३३	११,३८७,०५७	३९,३१६,४३०.२५	०	०	७,५६२,६१०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	८५,९५४,४३७.५८
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	२६,६७०,०८४
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	१७८,२००
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	५९,४६२,५५३.५८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४१५१८११०३.८	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४९२४८६५७५	चालु खर्च	६१४८३९४७७.४६
प्रदेश सरकारबाट अनुदान	५६८८१९९१	पूँजीगत खर्च	६३६८३५०४९.५९
राजश्व बाँडफाँट	१२४९२७७५५.६	वित्तीय/अन्य व्यवस्था	२६२६९७४५०
आन्तरिक आय	१२२८०७६८४.४२		
अन्य आय	३७२७१५६९४.९८		
कुल आय	११६९८१९७०१	कुल खर्च	१५१४३७१९७७.०५
बाँकी मौज्दात		७०६२८८२७.७५	

अनुसूची - २

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल हुनुपर्दछ ।